# अमर ज्योति

साहित्यिक त्रैमासिक

६७



वार्षिकोत्सव कविता विशेषाङ्क

भदौ-२०८२

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : २२, पूर्णाङ्क ६७
(आषाढ, २०८२-भाद्र, २०८२)

**संरक्षक**
हितेन्द्र देव शाक्य

**प्रधान सम्पादक**
विष्णुप्रसाद आचार्य 'अतृप्त'

**कार्यकारी सम्पादक**
युवराज शर्मा

**सम्पादक समिति**
मुकुन्दप्रसाद प्रसाईं
भोला शर्मा
अनिल पौडेल

**व्यवस्थापक**
रीता चालिसे (खनाल)
सङ्गीता अधिकारी (पौडेल)
शारदा पराजुली
बलराम पुडासैनी
मिमन पुलामी
रामराजा ओझा

**आवरण कला**
उपेन्द्र शिवाकोटी

**सल्लाहकार**
मातृका पोखरेल
कुलप्रसाद पराजुली
वीरेन्द्र पाठक
केशवप्रसाद रूपाखेती
विष्णुबहादुर सिंह
पुण्य घिमिरे
रामेश्वर राउत 'मातृदास'
कृष्णदेव रिमाल 'शब्दसेना'

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा

**प्रकाशक**
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea .org .np, फोन नं. : ०१-४१५३०८९

नोटः *अमरज्योतिमा प्रकाशित लेख/रचनाको सम्पूर्ण जिम्मेवारी लेखक स्वयम्मा नै रहने छ ।*

# कविताको शक्ति

साहित्यको सबैभन्दा अग्रज र सबैभन्दा बढी लेखिने विधा हो कविता । यो अत्यन्तै प्रभावकारी र व्यापक पाठक भएको विधा पनि हो । कविता लामो कालखण्डसम्म श्रुतिपरम्परामा जीवित रह्यो । लिपिको विकाससँगै कविताहरू लिपिबद्ध हुँदै आए । आजको युगमा पनि कविताले आफूलाई सशक्त विधाको रूपमा उपस्थिति जनाएको छ । कविताका विज्ञ पाठकहरू कविताको सैद्धान्तिक ज्ञान, मान्यता र यसको विषयका बारेमा विज्ञ नै हुन्छन् । कविता बुझेर लेख्नेहरू र कविता भनेर लेख्नेहरूको समूह पनि ठूलो छ । विश्वका साहित्यिक मनहरू कविताको नामको पछि मात्रै होइन कविताको शक्ति र सत्ताप्रति आकर्षित भएको देख्न सकिन्छ ।

कविताबाट अन्याय अत्याचार बेथितिको सशक्त प्रतिवाद हुन्छ । राजनैतिक परिवर्तन मात्रै होइन सामाजिक, सांस्कृतिक, शैक्षिक र अग्रगामी हरेक परिवर्तनहरूमा कविताले यथास्थितिको सदैव प्रतिवाद गरेको हुन्छ । कविताले एकललाई संयुक्त हुन आव्हान गर्छ । मौनतामा बसेकाहरूलाई मुखरित हुन शक्ति दिन्छ ।

कवितामा कवि हृदयको ताजा समकालीन चिन्तन हुन्छ । त्यहाँ मानवीय संवेदना, चेतना र परिष्कृत स्वरूप पनि हुन्छ । कविताको विषयवस्तुका बारेमा पनि कहिलेकाहीं बहस चलेको पाइन्छ । पृथ्वीमा भएका सजीव र निर्जीव मात्रै पनि होइनन् कविताका विषय । आउनुहोस्, विश्वको प्राचीन ग्रन्थ ऋग्वेदबाट कविताका केही चर्चा गरौं । ऋग्वेदमा भएका ऋचाहरू सबै छन्दोबद्ध छन् । ती ऋचाहरू पढ्दै जाँदा लाग्छ ऋग्वेदमा के छैन ! तपाईं विस्तृत रूपमा जान्न चाहनुहुन्छ भने ऋग्वेदलाई साथी बनाउनै पर्छ । अनि भन्न सक्छौं कविताको विषयवस्तु सारा ब्रह्माण्ड हो ।

कविता कुनै किताबको पानामा मात्र सीमित रहने विषय होइन । एक युगको एक दिनमा लेखेको कविताले युगौंयुगसम्म सन्देश दिने शक्ति राख्छन् । त्यसैले कवितालाई शक्तिशाली साहित्यिक विधा भनिन्छ । किनभने यसले आशालाई कार्यान्वयन गर्छ, विश्वासलाई व्यवस्थापन गर्छ । कवितामा भएका आँसुहरूमा कविका मनका दुःख मात्रै बग्दैनन्, त्यहाँ व्यक्ति, समाज, देश अनि विश्वका दुःख पखालिएर जान्छन् । एक कविको कवितामा अनगिन्ती जनहरूले स्वर दिन्छन् । वर्तमानसम्म ऋग्वेदका ऋचाहरूमा, कालिदासका

कविताहरूमा, युजिन पोत्तरका गीतहरूमा कतिले शक्तिशाली स्वर दिए कोही भन्न सक्दैन ।

आउनुहोस्, आफ्नै परिवेशमा पनि केही कुरा गरौं । के हामी भन्न सक्छौं बाल कविता 'तारा बाजी लै लै' मा कति बालबालिका र कति अभिभावकले स्वर दिए । मुनामदनमा कति जनाले कति पटक स्वर दिए । 'गाउँछ गीत नेपाली', 'रातो र चन्द्र सूर्य', 'हुँदैन बिहान मिर्मिरमा तारा झरेर नगए' र 'म मरे पनि मेरो देश बाँचिरहोस्', यी प्रतिनिधि कविता मात्रै हुन् । एक कविको कवितामा यसरी नै असंख्य जनहरूले स्वर दिन्छन् भन्ने विश्वव्यापी प्रमाण हामीसँग प्रशस्तै छ ।

पाठ्यक्रममा कविता किन समावेश गरिए होलान् ? प्राथमिक तहदेखि विश्वविद्यालय तहसम्म अध्ययन गरिने पाठ्यक्रममा यसको शक्तिको आधारमा नै कविता समावेश गरिएको सत्य हो । फेरि अर्को सत्य के पनि हो भने कविताको वास्तविक शक्ति व्याख्या र विवेचना गरिएभन्दा निकै धेरै छ ।

कवितामा समाजको मुटु र जन जनमा बसेको भावना उत्रिएको हुन्छ । कवितामा विविध विषयका बाबजूद एउटा तत्त्व सदैव स्थायी रूपमा मुखरित भएर बसेको हुन्छ– त्यो हो जनमा सुशासन, समाजमा सभ्यता । त्यसैले भनिन्छ– कविताको शक्ति भावनात्मक मात्र होइन, वैचारिक पनि हुन्छ ।

जसरी पानीको शक्तिले ठूला ठूला टर्वाइन घुमाउँछ त्यसै गरी कविताको शक्तिले व्यक्ति व्यक्तिको चेतना घुमाउँछ । समाजको रूप परिवर्तन गर्छ । देशको मुहार चम्काउँछ । विश्वलाई सभ्यतातर्फ डोऱ्याउँछ । कविताको शक्तिमा नाच्न जान्यो भने विश्व थप सभ्य हुन्छ । अब कवितामा नभएको शक्ति के छ भनेर हामी खोज्न थाल्यौं भने समयको विपरीत दिशातर्फ गएर हामी केही भेट्टाउनेवाला छैनौं ।

संयुक्त राष्ट्र सङ्घीय शैक्षिक वैज्ञानिक तथा सांस्कृतिक सङ्गठनले सन् १९९९ मा पेरिसमा सम्पन्न ३० औं माहासभाबाट घोषणा गरी प्रत्येक वर्ष मार्च २१ तारिखलाई विश्व कविता दिवसका रूपमा मनाउने घोषणा गरेको छ । त्यसपछि विश्व कविता दिवस मनाउन थालिएको हो । यसले पनि बताउँछ कविताको विश्वव्यापी शक्ति अत्यधिक छ । पानीमा भएको शक्तिले बाह्य दुनिया उज्यालो बनाउन सक्छ । कवितामा भएको वैचारिक शक्तिले मानवको मन, मस्तिष्क र हृदय उज्यालो बनाउँछ । हामी विगतदेखि दुवै उज्यालो एकसाथ बाल्न प्रयासरत छौं । तपाईंको कविताप्रतिको साधनाले विश्व साहित्यलाई शक्तिशाली कविता दिन सकोस् शुभकामना !

**– कार्यकारी सम्पादक**

# शुभकामना



नेपाल विद्युत प्राधिकरणको ३९औं वार्षिकोत्सव (२०८१) को अवसरमा आयोजित कविता प्रतियोगितामा प्राप्त भएका कविता तथा  केही अतिथि कविका काव्यरचनाहरूको सङ्गालोका रूपमा 'वार्षिकोत्सव कविता विशेषाङ्क–२०८२' प्रकाशित हुँदैछ । नेपाल विद्युत प्राधिकरणको संरक्षकत्व रहेको विद्युतकर्मी साहित्यिक समाजले 'अमर ज्योति' साहित्यिक त्रैमासिकको ६७औं अङ्क मार्फत यस्तो गहन अभिभारा पूरा गर्न लागेको खबरले अत्यन्त खुशी लागेको छ ।

साहित्य समाजको चेतना र संवेदनालाई प्रस्तुत गर्ने ऐना हो । सिर्जनाको आनन्द मार्फत सकारात्मक विचार निर्माण गर्न यसले विशेष योगदान पुऱ्याउँछ । यस अङ्कमा मूलतःकर्मचारीहरूकै अनुभव, संघर्ष, सपना र भावनाहरू साहित्यिक फ्रेमभित्र सजिएर आउने भएकाले यस अङ्कको प्रकाशनले व्यस्थापन र कर्मचारी बीचको सम्बन्ध थप प्रगाढ हुने कुरामा म विश्वस्त छु ।

नेपाल विद्युत प्राधिकरण प्राविधिक दक्षता र चुस्त सेवा प्रवाहका दृष्टिले सधैं अग्रस्थानमा रहेको छ। यहाँ कार्यरत कर्मचारीहरू आफ्नो पेशागत कर्मबाहेक अनेकौं बौद्धिक र सिर्जनात्मक कार्यमा पनि त्यत्तिकै सक्षम छन् । यस अङ्कमा प्रकाशित रचनाहरूबाट संस्था भित्रका कर्मचारीको प्रतिभा समेत उजागर हुने भएकाले यो कर्मचारी स्वयमंलाई प्रमाणित गर्ने दस्तावेज पनि हुनेछ ।

विश्व डिजिटल युगमा प्रवेश गरेको छ। फलस्वरूप मानव जातिमा एकाग्रता क्षीण हुनुका साथै पठन संस्कृतिमा समेत ह्रास हुँदै गएको देखिन्छ । यस्तो अवस्थामा मीठा साहित्यिक रचनाहरूको पठन र आस्वादन गर्दै स्वस्थ विचारको निर्माण गर्ने तथा पठन संस्कृतिको समेत प्रवर्धन गर्ने आधारशीला यस पत्रिकाले तयार गर्न सक्ने मैले महसुस गरेको छु ।

'अमरज्योति' नाम आफैंमा विद्युतको प्रतीकात्मक सार बोकेको नाम हो । यस पत्रिकाले नाम अनुसार नै निरन्तर साहित्यको ज्योति फिंजाउन सकोस् । ने.वि.प्रा. को ४० औं वार्षिकोत्सवको पावन अवसरमा यस पत्रिकाको स्तरवृद्धि र निरन्तरताको कामना गर्दछु ।

**(हितेन्द्र देव शाक्य)**
**कार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**
**तथा**
**संरक्षक**
**विद्युतकर्मी साहित्यिक समाज**

# शुभकामना



नेपाल विद्युत प्राधिकरणले आफ्नो स्थापनाको ४०औं वर्ष पूरा गरेको छ । विगत वर्षहरूमा झैं यस वर्ष पनि विभिन्न अतिरिक्त क्रियाकलापका साथ हर्षोल्लासपूर्वक वार्षिकोत्सव मनाउने निर्णय भएको छ । भाद्र १ हाम्रा लागि केवल सामान्य दिन मात्र नभई यो त हाम्रो पर्वको दिन हो, गर्वको दिन हो ।

मुलुक उज्यालो बनाउने अभियानका सारथीका रूपमा रहेका विद्युतकर्मीको मन भित्रको उज्यालो प्रस्फुटन गराउने उद्देश्यले हरेक वार्षिकोत्सवमा कविता प्रतियोगिता पनि समावेश गर्ने गरिएको छ । साहित्यले जीवन बोल्नु पर्छ, जगत बोल्नु पर्छ । सिर्जना मार्फत सर्जकले दीर्घजीवन प्राप्त गर्न सक्नुपर्छ । सिर्जनाबाट सर्जक भन्दा समाज गौरवान्वित हुन सक्नुपर्छ । यही कुरालाई हृदयङ्गम गर्दै हरेक वर्ष कविता प्रतियोगिता आयोजना गर्ने गरिएको हो ।

संस्था भित्रका सशक्त मानवश्रोतको क्षमता विकास र सम्भावना उजागर गर्नु ने.वि.प्रा. व्यवस्थापनको दायित्व हो । त्यसै अन्तर्गत कर्मचारीले आफ्ना पदीय जिम्मेवारी निर्वाह गर्दै आफूभित्रको उन्नत चेतलाई साहित्यिक रसमा डुबाएर श्रोतालाई पिलाउने र दुवै पक्ष तृप्त हुने अवसरको सिर्जना गर्ने गरिएको हो । कर्मचारीहरूलाई साहित्य सिर्जनामा लालायित गराई थप उत्प्रेरणा प्रदान गर्दै सिर्जनशील समाज निर्माणमा केही भूमिका निर्वाह गर्न सकौं भन्ने हाम्रो उद्देश्य हो ।

विद्युतकर्मी साहित्यिक समाजले गत वर्षको वार्षिकोत्सवका सन्दर्भमा आयोजित कविता प्रतियोगितामा सहभागी कविहरूका सिर्जना समेटेर अमरज्योति ६७औं अङ्कका रूपमा 'वार्षिकोत्सव कविता विशेषाङ्क–२०८२' प्रकाशन गर्न लागेको छ । यो अङ्क केवल नेपाल विद्युत प्राधिकरणको मात्र नभएर नेपाली साहित्यकै एक दस्ताबेजको रूपमा रहने विश्वास लिएको छु ।

कर्मचारीहरूलाई कार्यालयको दैनिक कामको अलावा आफ्नो महत्त्वपूर्ण समय सिर्जना कर्ममा पनि खर्चन आग्रह गर्दै अमरज्योति साहित्यिक त्रैमासिकको निरन्तर प्रकाशन र प्रगतिको लागि शुभकामना प्रकट गर्दछु ।

**(दीर्घायु कुमार श्रेष्ठ)**
**उपकार्यकारी निर्देशक**
**तथा**
**संयोजक**
**नेपाल विद्युत प्राधिकरण**
**४०औं वार्षिकोत्सव समारोह प्रबन्ध मूल समिति**

# शुभकामना



देशलाई उज्यालोको यात्रामा अघि बढाउने निकाय नेपाल विद्युत प्राधिकरण आफ्नो स्थापनाको ४०औँ वार्षिकोत्सव मनाउन गइरहेको छ । यस सन्दर्भमा विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि विविध अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू संचालन हुँदै छन् । यस्ता क्रियाकलापहरूले कर्मचारी र संस्थालाई जागरूक बनाइरहन प्रत्यक्ष रूपमा ठूलो योगदान पुर्‍याउने मैले महसुस गरेको छु ।

विद्युतकर्मी साहित्यिक समाज, नेपाल विद्युत प्राधिकरणमा साहित्यिक मन भएका अग्रज कर्मचारीहरूले स्थापना गरेको साहित्यिक संस्था हो । यस संस्थाले आफ्नो स्थापनाकालदेखि मातृसंस्थालाई पदीय दायित्वभन्दा परबाट पनि बौद्धिक र रचनात्मक सहयोग गरिरहेको मैले अनुभव गरेको छु । यस कार्यले प्राधिकरणलाई खुशी र गौरवको अनुभूति भएको छ ।

कार्यालयको जिम्मेवारी बहन गर्दै कार्यालय समयभन्दा अतिरिक्तको समयलाई उपयोग गरेर निरन्तर रूपमा **अमर ज्योति** साहित्यिक त्रैमासिक प्रकाशन गर्नु तथा विद्युत प्राधिकरणका कर्मचारीहरूमा भएको साहित्यिक भावना अभिव्यक्तिको लागि एउटा गतिलो मञ्च तयार पार्नु साहित्य समाजको सह्रानीय कार्य हो ।

साहित्यिक समाजले समय समयमा प्रकाशन गर्ने विशेषाङ्कहरूले नेपाली साहित्यिक पत्रिकाको स्थानमा यस पत्रिकाको विशिष्ट उचाइ निर्माण भएको छ । यस्तो कार्यबाट देशका सार्वजनिक संस्थानहरूले आफ्नो मूल लक्ष्यका सँगसँगै राष्ट्र निर्माणका विभिन्न क्षेत्रमा योगदान दिन सक्छन् भन्ने यथार्थता प्रमाणित गर्न विद्युत प्राधिकरण सफल भएको छ ।

३९ औँ वार्षिकोत्सवमा प्रतियोगी कर्मचारी कविहरूद्वारा वाचित कविता सहित ६७ औँ अङ्क प्रकाशन हुन लागेको समाचारले म निकै खुशी भएको छु । कविता प्रतियोगिता कार्यक्रममा नेतृत्वदायी भूमिका निर्वाह गर्दै वार्षिकोत्सवका अन्य विविध कार्यक्रमहरूलाई समेत सफल बनाउन अग्रसर भएको विद्युतकर्मी साहित्यिक समाज परिवारलाई धन्यवाद प्रकट गर्दछु । र अन्त्यमा, उज्यालोको यात्रामा सँगसँगै हिडेको अमर ज्योति पत्रिकाको निरन्तर प्रगति र उन्नतिको लागि शुभकामना प्रकट गर्दछु ।



**(फणिन्द्र राज जोशी)**
**उपकार्यकारी निर्देशक**
**नेपाल विद्युत प्राधिकरण**
**तथा**
**संयोजक**
**४०औं वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति**

# पाठक प्रतिक्रिया



साहित्यप्रति सधैं नै मेरो लगाव रहिआएको छ । लेखकले परिचय गराएका पात्रहरूसँग आफूलाई राखेर तिनै हरफहरूसँग, तिनै भावनालाई महसुस गरेर पढ्दा, तिनै शब्दहरूको गहिरामा डुब्दा, केही क्षण भए पनि एउटा फरक दुनियामा पुगेको अनुभव हुन्छ । यही लगावले अमर ज्योतिको विभिन्न अङ्कहरू खोजी खोजी पढ्ने रुचि जागेको हो । यसै सिलसिलामा २०८२ साल जेठ अङ्क पढें । पठनको प्रभाव मनमा यसरी जरा गाडेर बस्यो कि केही प्रतिक्रिया नलेखी रहन सकिएन ।

विभिन्न समसामयिक विषयवस्तुलाई कविता, कथा, निबन्ध, मुक्तक आदि विधामा ढालेर अत्यन्तै सुन्दर एवम् मर्मस्पर्शी ढङ्गले पाठकको मनमा छाप बस्ने गरी प्रस्तुत गर्न सफल सबै लेखक, कविहरूलाई धन्यवाद । समाजमा देखिंदै र सुनिंदै आएका कुराहरूलाई लेखकको भिन्न दृष्टिकोणबाट बुझ्न पाउँदा लेखनको फराकिलो क्षितिज मात्र नभई लेखकको भित्री भावानासँग एकाकार हुने मौका पाइन्छ । प्रेमको कोमलतालाई अदृष्य बहेको हावाको मधुरतासँग गाँसेर प्रेमको न्यानो स्पर्शलाई प्रकृतिको नयाँ पालुवा, उडिरहेका पन्छी, वसन्त ऋतुमा फैलेको सुगन्ध जस्तै एक उत्सव भनी व्यक्त गरेका छन् निबन्धकार ज्ञानेन्द्र विवशले 'हावामा बगिरहेको प्रेम' निबन्धमा । यो निबन्धले आफ्नो वरपरको प्रेमको अनुभूति दिलाउन त सफल भयो नै साथसाथै यसका लेखक ज्ञानेन्द्र विवश स्वयम् गहिरो प्रेममा रहेको यकीन पनि भयो । बाल्यकालको निस्फिक्री समय, बढ्दो उमेरसँगै अँगाल्नु परेका व्यावहारिक चुनौतीहरू बीच केही छुटेको स्मरण गरायो 'छुटेको' शीर्षकको कविताले ।

लघुकथाकार विष्णु आचार्यको 'चीसो माया' लघुकथा पढ्दा आफ्नै पारिवारिक स्थितिको ऐना देखाए जस्तो भयो । दिनहुँ जस्तो भिडियो कलमा जोडिएर कुरा गर्ने चार दिशामा छरिएका मेरो चार जनाको परिवार, कतै मेरो स्नेह पनि त्यस्तै चीसो माया त होइन ? भनेर प्रश्न गर्न बाध्य भएँ ।

राष्ट्रिय एकतालाई राष्ट्रियतामा मात्र नराखेर 'एकता' कविताले हाम्रो गर्विलो इतिहास, सम्पदा, मनमोहक प्रकृतिले पनि हामी एक अर्कासँग बाँधिएका छौं भन्ने सुन्दर भाव व्यक्त गरेको छ । 'आत्माको आयाम' कथामा भौतिक, अलौकिक र वैज्ञानिक तीनै जगतलाई यथार्थ राखेर आत्मालाई हामीले जानेको भन्दा फरक आयाम भनेर जसरी चित्रण गरिएको छ, यो कथा मेरा मनका केही जिज्ञासाको पनि उत्तर बनेको छ ।

'खोरयात्रा'को व्यङ्ग्यात्मक प्रहार, 'क्रान्तिको उपलब्धि' को तीतो सत्य, 'विवेकशील' आदि कविता, 'हलचल', 'संयोग' आदि कथाका साथै 'हिप्पी युगको लेख' आदि थुप्रै लेख, रचना र समीक्षा समेटिएको अमर ज्योतिको यस अङ्कलाई स्तरीय साहित्यिक सङग्रहभन्दा फरक नपर्ला ।

**सदिप्ता ढुङ्गाना**
**सर्भे महाशाखा, आयोजना विकास विभाग, ने.वि.प्रा**

## ◆ विषय-क्रम


■ **मूल लेख**

कविता लेखनका निजी अनुभव त्रिभुवनचन्द्र वाग्ले/९

■ **अतिथि कविका कविताहरू**

• यति पुराना नेता भए-चट्याङ मास्टर/१४ • कतै तिमीलाई मैले प्रेम गर्न थालेछु कि ! ठाकुर बेलवासे/१५ • उचाइ-बलराम दाहाल/१६ •कालो गुराँस-बिना थिङ/१७

■ **ने वि.प्रा.को ३९ औं वार्षिकोत्सवमा आयोजित कविता प्रतियोगितामा पुरस्कृत कविताहरू**

•आजित उद्घोष-अनिल पौडेल/१९ •मूल्य !- सागर ज्ञवाली/२१ •मेरो देश रोइरहेछ विमला खड्का बी.सी./२३ •कविताको पुकार- मेघमणि गौतम/२५ •नोलाइट इन्चार्ज दिनेश शर्मा/२७

■ **ने.वि.प्रा.को ३९ औं वार्षिकोत्सवमा आयोजित कविता प्रतियोगितामा प्राप्त भएका कविता तथा अन्य कविताहरू**

•असारे भाका यी वनपाखा- रामेश्वर राउत मातृदास/२८•मनुष्य हो समयमै सुध्रेर राम्रो बन अरुण ज्ञवाली शास्त्री/२९ • संस्थाप्रति मनन कमला कुँवर/३० •आर्थिक रूपान्तरणमा जलविद्युत-कमलबहादुर खड्का/३१ •अग्रगमन- युवराज शर्मा/३२ •रहर-कविता पोखरेल/३३ • म त जागिरे केन्द्र गुरुङ 'तिराली'/३५ •उज्यालो नेपाल-जीतेन्द्र कुमार यादव/३६ • म एक आमनेपाली-गजेन्द्रप्रसाद श्रेष्ठ/३७ •के छैन मसँग ? सबथोक छ-चतुर्भुज गौतम/३९ •पटक पटक रोएको छु-छविलाल नेपाली/४० जिन्दगी- सुशील राना/४१ •अमर विद्युतकर्मी- जानुकाकुमारी खतिवडा/४२ •सन्देश-निर्मला गैरे कँडेल/४३ • अस्मिता-पार्वती कर्माचार्य/४४ • सुनौलो भोलिको आशा मिमन पुलामी/४५ • हामी फरक किन ? पवन विश्वकर्मा/४६ •भाग्यमानी भाइ-गोविन्द कुँवर/४७ • खण्डित मनका आशाहरू- बलराम 'परिवेश' पुडासैनी/४९ •संसद्मा हङ्गामा भोला शर्मा/५० • शहरमा एक्लिएपछि-महादेव भट्टराई/५२ •मेरा पाइला-रीता चालिसे खनाल/५३ • आत्मसम्मान-मुकुन्दप्रसाद प्रसाईं/५४ •पहिरो म अनि त्रिशूली-योगेन्द्रनाथ पाण्डे/५६ •राष्ट्रसेवकका सपना-राजकुमार भट्टराई/५७ •उज्यालो नेपाल-नेविप्राको बल रामराजा ओझा/५८ •छोड्दिन म मेरो माटो-राजु बराल/५९ •विद्युत राजेन्द्र अधिकारी/६० •जिन्दगी रामबहादुर लम्साल/६१ •प्राधिकरणका चन्द्रज्योति-लक्ष्मणकुमार कार्की/६३ •मनोचिन्तन लक्ष्मण मण्डल/६४ • MCTLP - उज्यालो नेपालको संवाहक-विजयकुमार गुप्ता/६५ •राम राम मात्र..- शारदा पराजुली/६६ •मन-विनोद सुवेदी 'हिमचुली'/६७ •मेरो देश शालिकराम बराल 'भावुक'/६८ त्यो वर्षातको दिन-शालिकराम सापकोटा/६९ • एक्लै बसेको भूतपूर्व श्रमिक-शब्द सेना/७१ •माली सुभास अधिकारी/७३ •उज्यालो यात्रा ई. सुजन आचार्य/७४ कालान्तर-सुभास पन्त/७५ •आख्यान मृत्युशैय्याबाट सुमन श्रेष्ठ/७७ •छाडेर चिन्ता लिन-नारायणप्रसाद आचार्य/७८ • अधिकारी माइलो कहिल्यै जाली फटाहा हुँदैन- प्रमोद अधिकारी माइलो/७९ •यही हो त हाम्रो शान- शारदादेवी पोखेल भट्टराई/८०

**वार्षिकोत्सव विशेष**

- ३९ औं वार्षिकोत्सवमा अतिरिक्त क्रयाकलापः एक झलक/८१
- ४०औं वार्षिकोत्सवमा सञ्चालन हुने खेल तथा विभिन्न कार्यक्रमहरूको तालिका/८२

**साहित्यिक गतिविधि**

- विद्युतकर्मी साहित्यिक समाजको आठौं अधिवेशन विविध कार्यक्रमसहित सम्पन्न/८५
- पर्या साहित्यिक अन्तरसंवाद कार्यक्रम सम्पन्न/८७

# कविता लेखनका निजी अनुभव



त्रिभुवनचन्द्र वाग्ले

नेपाल विद्युत प्राधिकरणका सर्जकहरूको पहलमा 'अमर ज्योति' साहित्यिक पत्रिका प्रकाशन हुँदै आएको छ। पाएसम्म म यो पत्रिकाको नियमित पाठक हुँ। यसैक्रममा सर्जक साथीहरू कृष्णदेव रिमाल, विष्णुप्रसाद आचार्य, आविष्कार कलासँग परिचय मात्र थिएन राम्रो सम्बन्ध थियो। अमर ज्योतिको कार्यसमिति समितिमा पुनर्गठन भएपछि उहाँहरू तीन जना आत्मीयसँगै भोला शर्मालाई २०८२ जेठ २८ गते मधुपर्कको कार्यकक्षमा स्वागत गर्ने सुखद् अवसर पाइयो। उहाँहरू यसै पनि उज्यालोकर्मी, नेपाल विद्युत प्राधिकरणमार्फत् 'गावै उज्यालो, देशै उज्यालो' बनाउन आ-आफ्नो स्थानबाट योगदान दिनुभएका त्यसमाथि 'अमर ज्योति साहित्यिक' पत्रिका प्रकाशन गरेर नेपालको साहित्यिक भण्डारमा 'या गच्छ, या तुष्ट' योगदान दिनुभएका । उहाँहरूलाई तत्काल उपलब्ध हामी दुई मधुपर्ककर्मी मोहन दाहाल र मैले स्वागत गऱ्यौं । यो आगमन र स्वागत एउटा विशिष्ट थालनीको शुरूवात थियो- अमर ज्योतिका ज्योर्तिकर्मीहरूले विभिन्न साहित्यिक प्रकाशनसँग सम्बन्ध विस्तार गर्न शुरू गर्नुभएको यो शृङ्खलालाई अलि लम्ब्याउने हो भने नेपाली साहित्यमा एउटा नयाँ अभ्यास र अध्याय स्थापित हुनेछ ।

धेरै विषयमा कुराकानी भए, खास गरी साहित्यिक पत्रिका प्रकाशनका अनुभव, विज्ञापन, बजार, प्रकाशक संस्थाले यस्ता प्रकाशनलाई दिने प्राथमिकताबारे कुरा भए । कुरै कुरामा साथीहरूले प्रस्ताव राख्नुभयो-अमर ज्योतिको आगामी अङ्कका लागि कविता लेखनका तरिकाबारे मैले केही लेखिदिनु पऱ्यो । मलाई आजसम्म आएका कैयौं लेखन प्रस्तावमध्ये साँच्चै नै अप्ठेरो प्रस्ताव थियो यो । साथीहरूले सही पात्र ठम्याउनु भएन विषय अनुसार । धेरैबेर मैले अस्वीकार गरेँ-'यो क्षमता ममा छैन' तर साथीहरूको स्नेहपूर्ण दबाब टार्न सकिनँ र लेख्न बसेँ ।

कविता लेखनका तरिकाबारे म बताउन सक्दिनँ तर कविता लेखनका निजी

अनुभव भने लेख्न/भन्न सक्छु । यसबारेमा लेख्नुभन्दा अगाडि मलाई केही दृष्टान्त दिनुछ । पहिलो, मेरा पिताजी कवि बालचन्द्र वाग्लेले छन्दका केही कविता लेखेर महाकवि लक्ष्मीप्रसाद देवकोटालाई देखाउनु हुँदा देवकोटाले भन्नुभएछ– 'अरूलाई देखाएर कविता लेखिंदैन, आफैंले लेख्ने हो ।' क्याम्पसतिर पढ्दा अभिव्यक्तिको सुन्दरतम स्वरूप कविता हो भनेर पनि पढेको थिएँ । विश्वस्तरका कविता कुँद्ने वरिष्ठ कवि द्वारिका श्रेष्ठ आफ्ना कविता विश्वस्तरका छन् वा छैनन् पर्वाह गर्नुहुन्न तर भन्नुहुन्छ– मेरा कविता मेरै स्तरका छन् । वरिष्ठ कवि तुलसी दिवस अरूको भन्दा भिन्न हुनुपर्छ कविता, चाहे शैली वा प्रस्तुतिमा भन्नुहुन्छ । उहाँ यसलाई निजत्व भन्नुहुन्छ । कवि रामप्रसाद ज्ञवाली भन्नुहुन्छ– 'गुँरास फुल्यो' कविता होइन तर 'राताम्य गुराँस' कविता हो । 'फर्सीको जरा' खोतल्दै जान्छु अन्त्यमा 'एब्स्ट्रयाक चिन्तन प्याज'मा टुङ्गिन्छ सन्दर्भ । सुनेको छु, पढेको छु, कवितालाई नारा नबनाउनू । कविता बुद्धिले होइन विवेकले लेख्नू । त्यसकारण कविता लेख्ने तरिकाभन्दा पनि कविताबारे विभिन्न सर्जकका दृष्टिकोण र आफ्ना अनुभव मात्र लेख्ने प्रयास गरेको हुँ । यसो गर्नु मेरो ज्ञान तथा क्षमताको सीमित भण्डारले हो । साथीहरूको आग्रह नकार्न नसकेर यस्तो गहन विषयमा लेखेको हुँ, मेरो अनुभव कसैलाई उपयोगी भएछन् भने ठिकै छ, नभए साथीहरूको मन राखेँ । बस् मन राखेँ ।

विभिन्न विद्यालय तथा संस्थाद्वारा आयोजित प्रतियोगितामा कविता मूल्याङ्कन गर्न बोलाइने भएकाले कविता लेख्न मैले अपनाउने तरिकालाई 'द राइजिङ् नेपाल' मा प्रकाशन गरेर विद्यार्थीलाई त्यही पढ्न अनुरोध गर्दै आएको छु । म केमा होसियार छु भने, अमर ज्योतिका पाठकलाई लक्षित गरी कविता लेखनका तरिकाबारे लेख्नु र खासगरी विद्यार्थी लक्षित यस्ता तरिका लेख्नुमा मैले भिन्नता त अपनाउनै पर्छ तर कविता लेखनका कतिपय यस्ता अनुभव तथा अभ्यास दुवैतिर मिल्छन् । सबै कविता पद्य विधामा पर्दछन् तर 'गद्य कविता' लाई आधार बनाएर मेरा अनुभव लेख्छु । पद्य कवितामा लालित्यपूर्ण सुन्दरतम अभिव्यक्ति दिनुका अतिरिक्त छन्द, मात्रा, ह्रस्वदीर्घ, गति, यति मिलाउनु पर्ने प्राविधिक पक्ष पनि हुन्छ । म त्यता जाँदिन । कविताका विभिन्न रूप हुन्छन् । रूप भनेको लम्बाइ–चौडाइ भनौं । आधुनिक विद्यालयमा पढ्दा पोशाक पनि विद्यालयबाटै किन्नुपर्छ । जत्रोसुकै सर्ट, पाइन्टको रू. ३५००/ पर्छ । समान मूल्य तिरेका राम, श्याम,

हरिलाई एउटै साइजको सर्ट मिल्ला ? नमिल्ला । त्यसैले लघुतम रूपका कविता मुक्तक, गजल, गीत, हाइकु कसरी लेख्ने भनेर एउटै लेखबाट भन्न सकिने भएन । कविताको लघु रूप भनेको एउटा सिङ्गो फुटकर कविता हो । खण्डकाव्यलाई पनि कवितै भनिन्छ, जुन कविताको मझौला रूप हो । कविताको लामो रूप महाकाव्य हो । यिनको आकारअनुसार कमिज तयार गर्ने कौशल कालिगर अर्थात् कविमा हुनुपर्छ । मोहन कोइरालाका ' लामो कविता' भनिन्छ भने त्यो भनाइ र बुझाइ गलत हो । लामोलाई लामो त भन्न पाइयो तर त्यो लामो कविता होइन एक अभिव्यक्तिका लागि लेखिएको, सर्ग नभएका, खण्डकाव्यको नियमभित्र नपर्ने जत्रासुकै कविता हुन् ती फुटकर कविता नै हुन् । बिरालो मोटाएर चितुवा हुँदैन । रूपअनुसार कविताको छाँटकाँट सिलाइकटाइ गर्नुपर्छ । यी प्राविधिक तथा कौशल पक्ष हुन् ।

'नेपाली संस्कृति साँघुरो छ, चाहेर पनि कसैद्वारा कसैलाई कुनै कुनै अवस्थामा सहयोग गर्न सकिंदैन, गरियो भने यस्तो सहयोगको अनर्थ पनि लाग्छ सक्छ । नेपाली संस्कृतिभन्दा बरु एउटा छाता फराकिलो छ, हाम्रो संस्कृति छाताभन्दा पनि साँघुरो छ' भनिएको भए यो कुनै निबन्धांश वा कथाका कुनै पात्रको संवाद/मनोसंवाद हुन सक्थ्यो तर मैले- बीपी कोइरालाको ७४ औं पुण्य स्मृतिमा आयोजित कविता गोष्ठीमा सुनाएँ–

*देख्छु युवती रुझ्दै हिंडेको झरीमा*
*लाग्छ छाता ओढाउनु कर्तव्य हो*
*झस्कन्छु,*
*संस्कृति छाताजस्तो फराक छैन*

कार्यक्रम पछि प्रमुख अतिथि मोहन कोइरालाले कविता माग्नु भयो र नेपाल प्रज्ञा प्रतिष्ठानको 'कविता' मा छापिदिनुभयो । भन्नुभयो– मलाई यति लेख्न र यति सन्देश दिन तीन पाना लेख्नुपर्छ । पछि भिन्न सन्दर्भमा एक समालोचकलाई यही कविता देखाउँदा यसलाई 'कविता होइन' भन्नुभयो । म दुइवटै अनुभवलाई स्मृतिमा राखेर कविता लेख्छु । यहाँ 'छाताजस्तो' भनेर संस्कृति र छाता बिच तुलना गरिएको छ । अङ्ग्रेजीमा पनि simile भनेर like/as बाट यस्तै तुलना गर्न सकिन्छ । यस्तो तुलनामा पनि 'तिमी हिउँजस्ती छौ' पनि भन्न सकिन्छ अर्को तरिकाबाट 'तिमी हिउँ हौ' भन्न

पनि सकिन्छ । यस्तै नियम नेपालीमा पनि हुन्छ । यसर्थ मैले लेखेको तीन लाइन कविता हो कि जस्तो लाग्छ । आगे समालोचकहरूको जिम्मा !

यसर्थ म कविता लेख्ने आमसर्जकलाई भन्छु, देवकोटाले भनेझैँ अरूलाई देखाएर कविता लेखिदैन तर अरूका धेरै धेरै कविता पढेर, पढेर, पढेर धेरै पढेर कविता लेख्न सकिन्छ । मैले राइजिङ नेपालको त्यो आलेखमा लेखेको छु– पढ्नु, देख्नुस् अनि लेख्नुस् । अरूको पढ्नुस् अनि लेख्नुस् यसलाई व्युत्पत्ति भनिन सक्छ । लेख्दै-च्यात्दै, लेख्दै-च्यात्दै गर्नुस् भूपि शेरचन भइन्छ, यसलाई अभ्यास भनौं तर अभ्यास मात्र पनि नभनौं भूपिलाई ! अरूले नदेखेको देख्नुस्, अर्थात् भिन्न देख्नुस्, सिर्जनशील हुनुस्, निजत्व कमाउनुस् । लेख्दै उधुमसँग परिमार्जन गर्नुस् लेखनाथ वा माधवप्रसाद हुनुस् । तपाईसँग परिष्करणको भेट हुनसक्छ । तपाईंलाई निद्राबाट झल्यास्स ब्युँझेर 'चुरोटको बट्टामा' लेख्न केसैले बाध्य गर्छ भने मान्नुस् तपाईंभित्र देवकोटा छ ।

भिन्न देख्नुहोस् । तपाईंहरू बिरालोले बाटो काटेका दृश्यलाई कविता बनाउनु हुन्छ ? म मान्छेले बाटो काटिदिंदा भोकै परेको 'सर्वहारा' बिरालोको बयानमा कविता लेख्छु तर नारा उचाल्दिन । तपाईंहरू काँधभरि माला लगाएको व्यक्तिलाई देखेर के कल्पना गर्नुहुन्छ ? म भने ती व्यक्तिको काँधलाई बकैनाको रूख देख्छु र देख्छु सहिदहरू झुन्डिएका ! महाकालीको पानीमा धेरैले लेखेको राष्ट्रियता घुलित कविता पढेको छु तर म त निर्मलाको आँशु पनि देख्छु महाकालीको भङ्गालोमा । तपाईंहरू दोबाटोमा भेटिन्छ भन्नुहुन्छ म त हर दोबाटोबाट छुट्टिन्छ भन्छु । तपाईंहरू उनी र म पूर्व-पश्चिम लाग्यौं भने बिछोड भन्नुहोला तर उनी तनहुँबाट पूर्व लागिन् म काठमाडौंबाट पश्चिम लागैँ भनैँ मुग्लिनमा भेट होला नि हाम्रो ! म यसलाई योग र संयोगको रङ्मा कविता बनाइ दिन्छु । मलाई लाग्छ, यहाँ अरूले भन्दा केही भिन्न देखैँ कि मैले ।

कविता लेख्दा विषय तय गर्नुपर्छ तर कथामा जस्तो पहिला विषय चयन गरेर मात्रै कविता लेखिन्छ भन्ने छैन । शुरू गरेपछि अन्त्यमा विषयले आफै आकार लिनसक्छ तर म के भन्दै छु र के भन्न चाहेको छु भनेर कवि स्पष्ट हुनपर्छ । आफूले व्यक्त गरेका विचार/अभिव्यक्तिलाई पाठकले त्यसरी नै बुझ्लान् कि नबुझ्लना भनेर पनि ध्यान दिनुपर्छ । तर

पाठकले बुझ्दैनन् भन्ने चिन्ता लिनुपर्दैन तर गलत नबुझून् भनेर सचेत हुनुपर्छ । यहाँ एउटा भनाइ उपयुक्त हुन्छ– 'पाठकले समाचार बुझेनन् भने, समाचार लेख्ने मानिस कमजोर छ, पाठकले कविता बुझेन भने पाठक कमजोर छ ।' मोहन कोइरालाको कविता बुझिएन भने हामी कमजोर हो, उहाँ होइन । कविताका विषय समाजमा समाजबाटै पाइन्छ । समाजसँग नजोडिएका कविता वा साहित्य सायदै होलान् । म कविता लेख्नेहरूलाई मितव्ययी हुन आग्रह गर्छु, धेरै शब्द नखर्चनुस् । थोरैमा धेरै बोल्न वा भन्न सक्नुहोस् । एउटै कुरालाई व्याख्यात्मक तरिकाले भनिरहनुभन्दा विभिन्न कुरालाई सङ्केतात्मक अभिव्यक्त गर्नु राम्रो हो जस्तो लाग्छ । व्याकरणका सामान्य नियम पनि मान्नुपर्छ । कतिपयले 'फूलहरूको मौन भाषाले' भन्छन् । त्यहाँ 'हरू' सँग 'को' होइन 'का' बनाउनु राम्रो होला । 'फूलहरूका मौन भाषाले' वा 'फूलका मौन भाषा' भन्नु राम्रो होला । कविताको प्रस्तुतिलाई सिधै नभन्नुस् । भन्नुभयो भने कथा वा निबन्ध हुन्छ । आफ्ना भनाइलाई विम्ब, अलङ्कार, प्रतीक, सङ्केत उदाहरणबाट व्यक्त गर्नुहोस् ।

*डोको नाम्लो बोकेर*
*कृषक मल लिन गए*
*तर पाएनन्*
*उनीहरूको सपना पूरा भएन ।*
*यसरी वाक्य टुक्र्याएकै भरमा कविता हुँदैन । यो कि कथा हो, कि निबन्ध ।*
*यसैलाई–*
*नाम्लोले*
*निधारमा भाग्यरेखा कोर्छ*
*किसान र मल*
*यस्ता अपूर्ण सपना*
*दैवले पनि भेटाएनन् ।*

भनियो भने कविता हुनसक्छ ।

माथि पनि भनेको छु मैले कविता लेख्ने तरिका सिकाएको होइन मात्र कविता लेख्दा म के गर्छु भनेर अनुभव उल्लेख गरेको हुँ ।

*लेखक मधुपर्क साहित्यिक मासिकका नि. सम्पादक हुनुहुन्छ ।*



# यति पुराना नेता भए

चट्याङ मास्टर

डाइनोसरहरू धरतीमा घुम्थे
तिनीसँग नेता लुकामारी खेल्थे
तिनका अण्डा चोरी चोरी खाए
अण्डाजत्ति सब सिध्याए
अनि डाइनोसर लोप गराए
बाँकी हाम्रो नेता रहे
यति पुराना नेता भए ।

इतिहास विषय छ, पहिले छँदै थिएन
हिमाल फुच्चे थियो अग्लो थिएन
बिजुली, रेडियो, टिभी, थिएन
कम्प्युटर टेलिफोन केही थिएन
सप्पै 'ब्ल्याक एन्ड ह्वाइट' हुन्थ्यो
इन्द्रधनुष पनि रङ्गीन थिएन
कति ढुङ्गे युग आए–गए
बाँकी हाम्रा नेता रहे
यति पुराना नेता भए ।

जिउ हेर्दा तिते करेला
किसमिस जस्ता यिनका गाला
छोकडा ठानी कोही खाला
सेतै फुलेका घोप्टे परेला
कैयौं सभ्यता आए गए
बाँकी हाम्रा नेता रहे
यति पुराना नेता भए ।

# कतै तिमीलाई मैले प्रेम गर्न थालेछु कि !



ठाकुर बेलवासे

बाटो, बजार, चोक जतासुकै
जति मानिस भेट्छु
ती सबैको अनुहारमा
तिमीलाई देख्छु
कतै म तिमीमा
एकोहोरिन थालेंछु कि !

देखिएका मानिसहरूमा
मलाई गहिरो गरी पढ्न सक्ने
तिम्रा आँखा
मलाई काउकुती लगाउने
तिम्रो हाँसो
मेरो मनको अन्तिम तहसम्म डुबेर
पौडिने तिम्रो मन
नदेखे पछि
म झस्किएँ
कतै मैले तिमीलाई
प्रेम गर्न पो थालेंछु कि !



# उचाइ

**बलराम दाहाल**

उचाइ नापेर हिमालबाट
म फर्किंदैथें तर बीचबाट
सहेर आएँ असिना र पानी
बग्दैन एकैतिर जिन्दगानी ।

उचाइ हाम्रो चुचुरीहरूमा
छ वीरता यी खुकुरीहरूमा
उचाइ होचिन्छ कि पीर लाग्छ
बहादुरी घट्छ कि पीर लाग्छ ।

सानो छ नक्सा अझ कोरिंदै छ
माटो यहाँको किन चोरिंदै छ
हिमाल सर्दै जब पुग्छ पारि
सिद्धिन्छ हामी सबको चिनारी ।

म अग्लिऊँ आज हिमाल जस्तै
म पग्लिऊँ आज हिमाल जस्तै
नसङ्लिनेले र नपग्लिनेले
क्यै गर्न सक्दैन नअग्लिनेले ।

म अग्लिँदैमा सब अग्लिँदैनन्
म पग्लिँदैमा सब पग्लिँदैनन्
सबैसबै अग्लिन सक्नुपर्छ
सङ्कल्प मेरो अनि पूर्ण हुन्छ ।

# कालो गुराँस



**बिना थिङ**

हिजो जस्तै लाग्छ च्याङ्बा
तीन पोङ रक्सी
सिङ्गै कुखुराको भाले
डालोभरि रोटी बोकेर
त्यो ठाडो उकालो
कतै नबिसाई ठमठमी
इन्डियन रेडियो घन्काउँदै
जाजरकोट र ढाका टोपीमा
मलाई माग्न आएका थियौ
मेरै घरमा

आपाले राडी ओछ्याउँदा
जुङ्गा मुसार्दै मुसुमुसु हाँसेर
छड्के नजर लाउँदा
लाजैले हो
ढोकाको कुनामा
म रातो गुराँस
रातै गुराँस मनभरि फुलाउँदै
झन रातो भएकी थिएँ
आमाले सगुन भन्दै
दिएको मकैको भ्यापर

भुइँमा नराखी तिमीले
यसरी रित्यायौ कि
मलाई लाग्यो म त्यही भ्यापर भएँ
अनि तिमीले दिएको
रातो बनारसी साडी
हातको सिकोफाइब घडी
मखमली चप्पल
शिरफूल अनि नौगेडी देखेर
दङ्ग परेथें म
लाहुरेनी हुने भएँ भनेर ।

आखेहरूले ताम्बा गर्दै
ज्वाइँ आजबाट हाम्री चेलीको रगत मासु तपाइँको
हाड मात्रै माइतीको भन्दा
हात जोड्दै खिस्स हाँस्दै भनेका थियौ
यिनी त मेरी जून हुन्
धर्तीमा हैन
आकाशमा सजाउँछु
यिनी त मेरी रानी हुन्
आँखामा सजाउँछु
यिनी त मेरी मुटु हुन्
दिलभित्र राख्छु
यसो भनेको एक महिना नबित्दै
साँच्चै तिमीले जून बनायौ
साराले हेर्न सक्ने
आँखामा सजायौ
आँसुले पखाल्न सक्ने
अनि आफ्नो मुटु झिकेर
यस्तै ३० हजारमा साटेर गयौ
जाँदा जाँदै
त्यो बनारसी साडी
सिकोफाइब घडी, नौगेडी
शिरफूल र मखमली चप्पल
झोलामा हाल्यौ
फेरि अर्को मैच्याङ ल्याउनलाई
हो त्यही दिनदेखि
म कालो गुराँस भएकी छु ।

प्रथम स्थान प्राप्त कविता



# आजित उद्घोष

अनिल पौडेल

ऋण गरेर पालेका केहीथान भेडाबाख्रा
हटिया लैजाँदा स्थानीय सरकारले कमिसन माग्यो
र म बचेको पैसा लिएर पासपोर्ट बनाउन तिम्रो राजधानी आएँ
गाउँ त गाउँमै मर्ने भो
तर मलाई मर्न मन छैन, जहान परिवार भोकै मार्न मन छैन
यो जीवनसँग हार्न मन छैन
सरकार, म भेडा चराउन मुगलान जान चाहन्छु ।

लैनो भैंसीका चारथुनले मैले चारजनाको पेट भर्दै थिएँ
तर पशुसेवा कार्यालयले दुई थुनको दूधै कमिसन माग्यो
र म भैंसी बेचेर तिम्रो म्यानपावर आएँ
सरकार म यत्तिकै बसौं ? मुगलान पसौं ? कि त्यो दाम्लो घाँटीमा कसौं ?
म जवाफ चाहन्छु ।

मैले देखेको, बाले क्रान्ति भन्दै दौडिएको
तिमीले देखाएको सपनाको सागरमा पौडिएको
यातनाले अर्धचेत बालाई सम्हाल्दा सम्हाल्दै
आमाका निधारमा खेतका जस्तै गह्रा बनेको
तिनै बाले तिम्रो 'समृद्ध' संसार छोड्दा
घाटमा दाउरामा कमिसन मागे
र म बालाई त्यसै बगाएर आएको छु
सरकार ! मेरा बालाई गङ्गासम्म पुऱ्याइदेऊ

साँच्चैको सागरमा तैरिएका बासँग आशिष माग्दै
म मुगलान जान चाहन्छु
आमा मलाई छोएर चिन्छिन्
मलाई नभेट्दा रोएर हिंडिछन्
दृष्टि गुमाइन् तर सृष्टि गरिन्
देख्न चाहन्नँ भोकै, प्यासै मरिन्
त्यस्ती आमाको भत्तामा वडाले कमिसन माग्यो
र मलाई मुगलानै जाऊँ लाग्यो

कस्तो रहेछ तिम्रो क्रान्ति
बाको लाशमा अंश खोज्ने
आमाको गाँसमा अंश खोज्ने
कस्तो रहेछ तिम्रो समृद्धि
जिउँदो परानीमा कमिसन खोज्ने
चिताको खरानीमा कमिसन खोज्ने
हाटका वस्तुमा कमिसन खोज्ने
घाटको अस्तुमा कमिसन खोज्ने

म एक ज्वाला लिएर बसेको छु,
त्यसले तिम्रो चितामा बिना कमिसन छुनेछ,
र त्यहींबाट नयाँ शुरुवातको उद्घोष हुनेछ ।

**जोरपाटी वितरण केन्द्र, काठमाडौं**



**द्वितीय स्थान प्राप्त कविता**

# मूल्य !



**सागर ज्ञवाली**

एउटा सानो वाक्य न हो -
'मम्मा ! आइ लभ यु !
उस्तै अर्को वाक्य त हो-
'बाबा ! आइ निड यु !'
यसको गुरुत्व कति हुन्छ होला ?
एउटा सानो छुनुमुनु छ -
उसले श्वास लिएको पर्यावरणमा,
शब्द लहराउँदैन, भाषा बग्दैन,
उसले ब्रह्माण्डमा लुकेर बसेको Black Hole बाट
अलि अलि,
शब्दहरू थुतेर पृथ्वीमा ल्याउँछ,
र आफ्नो मनको कुरा बुझाउँछ,
अब भन्नुस्-
'मम्मा ! आइ लभ यु !!' को गुरुत्व कति हुन्छ ?
'बाबा ! आइ निड यु !!' को घनत्व कति हुन्छ ?
ooo

जून त यही सिरानी माथि छ,
सूर्य नै पो कति पर छ र ?
उसलाई बुझ्न,
सूर्य र चन्द्र पुगेर हुँदैन,
मङ्गल र शनि पढेर हुँदैन,
न यो आकाश मण्डल पर्याप्त छ,

अब भन्नुस्,
उसका ब्रह्माण्ड झैं गहिरा आँखाबाट,
बेलाबेला चम्किने,
रोशनीको -
उज्यालो कति हुन्छ ?
०००
सहारा मरुभूमिको
आगो निस्कने ताप,
कहिले कहिले झर्ने आकाशको पानी,
धर्तीमा नपुग्दै बिलाउन खोज्छ-
तर,
कसरी कसरी पानीको बुँद समातेर,
टुसाएको बिउ,
भीषण हावाको झोक्काले उडाएको बालुवाले पिटेर,
प्वाल परेका पात बोकेरै,
हुर्किंदै बन्छ-आशाको बिरुवा ।

जब बिरुवामा कोपिला लाग्छ,
तब फक्रन्छ विश्वाशको फूल,
अब भन्नुस् -
मरुभूमिमा फुलेको
यो फूलको सौन्दर्य कति हुन्छ ?
०००
मनसुनसँगै बाटो मोडिरहने नदी,
भन्ज्याङहरू काटेसँगै ठडिन आउने पहाडहरू,
अग्लो रुख चढ्दै-झर्दै गोरेटो खोज्नु पर्ने जङ्गल,
नथाकेर, नहारेर, हिंडिरहने-
यो यात्रा-
कति गर्वलायक हुन्छ ?
कति प्रेरणादायी हुन्छ ?

***संसार भरका सम्पूर्ण अटिजम अभिभावकहरूलाई समर्पित***

***चार्जिङ स्टेसन आयोजना***

तृतीय स्थान प्राप्त कविता

# मेरो देश रोइरहेछ



विमला खड्का बी.सी.

कहानी लाग्न सक्छ कुनै दिन
इतिहास पढाउँदा हाम्रा सन्ततिलाई
र सुनाउँदा पुर्खाहरूको रगत र पसिनाले
सिञ्चित उर्वर यो भूमि र भूगोलका कुरा
यदि अबेर हुनुपूर्व बेर गरियो भने
बचाउन यो माटोको अस्तित्व ।

मेरो देश बिरामी छ अहिले
आफ्नै अस्मिता र अस्तित्वमाथि
स्याल रिझाइ गर्ने सन्ततिहरूको बदनियतले
छियाछिया बनेको मेरो देश,
कठिन घडीमा उभिएको छ
र प्रतीक्षा गरिरहेछ एक बिहानी
जो ओखती बोकेर झुल्कने छ सूर्योदयसँगै ।

आघात छ भित्रभित्रै र त
रित्तिरहेछ मेरो देश दिनानुदिन
रित्तिरहेछन् बस्तीहरू
रित्तिरहेछन् आँगनहरू
रित्तिरहेछन् बूढा बाआमाका काख
अनि रित्तिरहेछन् सपनाहरू
अभावहरूलाई चिर्न सम्भावनाको खोजीमा ।

उहिले
सुसेली हाल्दै हाल्दै बग्ने नदीहरू
अहिले गिज्याउँदै गिज्याउँदै बगिरहेछन्,
आशा, भरोसा र सद्भावका गीत गाउने चराहरू
अहिले केवल विरह मात्र गाइरहेछन्,
जोश जाँगर अनि उमङ्ग बोकेर फक्रने फूल
अनि पलाउने नयाँ पालुवाहरू पनि
अचेल अल्छी मानिरहेछन्,
सायद देश दुख्दा बढ्ता दुखाइ
यो माटो अनि माटोमै बाँच्नेहरूलाई हुन्छ
र त रोइरहेछ सगरमाथा पनि
आफ्नै फेदमुनि नङ्ग्रा खियाउने हत्केलासँगै
पगालेर पीडाको आँसु ।

आज
सिनोको लडाइँमा गिद्धहरूको लुछाचुडी झैँ
सत्ता र शक्तिको लोलुपतामा विक्षिप्त बनाइएको
मेरो देश, साँच्चै एक मुस्किल कडीमा छ
त्यसैले अब फेरि पनि
धेरै अबेर हुनुपूर्व जाग्न जरुरी छ
फेर्नलाई सिलाउँदा सिलाउँदा
ठूलै प्वाल परेको मेरो देशको स्वाधीनता
अनि स्वाभिमानको खोल ।

**घोराही वितरण केन्द्र, दाङ ।**

चतुर्थ स्थान प्राप्त कविता

# कविताको पुकार



मेघमणि गौतम

जीवनयात्राका दुई किनार
जन्म र मृत्यु, आशा र भरोसा
मृत्युको भरोसामा
अनगिन्ती आशाका किरण जन्माएर
अनवरत यात्रामा दौडिरहेछ मानिस
मृत्यु सत्य हो, महानिर्वाण हो
यति बुझेर पनि मानिस
आफ्नो अस्तित्व र परिधि बिर्सेर
अरुमाथि अहम्‌ताको विषाक्त बीउ छर्दै
क्षणभङ्‌गुर आनन्दमा रमाउँछ
आफू र अरुलाई दुःख बेचैनीमा बाँच्न बाध्य तुल्याउँछ
यसलाई अग्रगामी र प्रगतिशील ठान्छ
जीवनको दोसाँधलाई बिर्सेर फेरि पनि नाटक गर्छ
मानौं ऊ सर्वज्ञाता नाटककार हो
नाटकमय समयका हरपल यति कमजोर भएर ढल्दैछन्
परिणाम
मानवता बन्धक बन्दैछ
प्राकृत नियम र न्याय क्षतविक्षत हुँदैछ
प्रेम सद्भाव र मानव संवेदनामा खडेरी पर्दैछ
यस्तो कहालीको निरन्तरताले
हामी र हाम्रो भविष्य अन्त्य हुँदैछ ।

समृद्ध, शान्त, विशुद्ध ज्ञानको नेपालीपन
दिव्य ज्ञान र सभ्यताको उदयस्थल यो नेपालभूमि
सम्झँदा यो मुटु भावविह्वल हुन्छ
दिमाग शून्य हुन्छ ।
चेतना र अन्तरचेतनाको दोभानमा
दृढसङ्कल्प गर्दै
मेरी कविता पुकार गर्छिन्
हे नेपाली हो ! अब त आफ्नो सनातनलाई
समाहित गरेर ब्यूँझ
इतिहास, दिव्य ज्ञान र वैभतालाई आफूभित्र खोज्दै
सशक्त भएर जाग
भौतिक विज्ञानको दास भएर होइन
त्यसलाई साधन बनाउन लाग
ज्ञान र सभ्यताको पञ्चामृत पिएर
सबैखाले दासत्वबाट माथि उठ
बन्धुत्व, भातृत्व र मातृत्वको सूत्र धारण गरेर
असल मानव भएर बाँच
बाँच्न सिकाउ
यो भूमिको रक्षा गर
सबै जीव र जगत्को कल्याण गर
यो ब्रह्माण्डको शिर तिमी नै हौ ।

**ने.वि.प्रा. आन्तरिक लेखा परीक्षण विभाग**

सान्त्वना पुरस्कार प्राप्त कविता

# नोलाइट इन्चार्ज



दिनेश शर्मा

मेरी आमासँग दशैं मनाउनु छ
फाइलमा कम्प्लेन टिपेको छु, लाइन बनाउनु छ,
उता हाकिमको निर्देशन छ, यता ग्राहकका गुनासा छन्,
मैले मेरो कर्तव्य बुझेको छु, पूरा गर्नेछु,
तर कोही किन बुझ्दैन मेरो पनि परिवार छ ?
म आजकाल गाउँटोलमै हुन्छु,
प्रायजसो बिजुलीको पोलमै हुन्छु,
छरितो र सर्वसुलभ, विश्वासिलो गुणस्तरीय, सेवा दिनु छ,
राज्यको उद्देश्य पूरा गर्नु छ, संस्थाको ख्याति बढाउनु छ,
तपाईंलाई थाहा छ ? कसैलाई मतलब छ ? कसैलाई चिन्ता छ ?
भन्नुस् त मेरो बस्ने कुर्सी अनि अफिस कहाँ छ ?
सिस्टम गए, मै गाली खान्छु
लाइन फल्ट भए मै गाली खान्छु,
बर्खा लागेको छ, कतै बाढी छ, कतै पहिरो छ,
हावाहुरीले पोल ढल्छ मै गाली खान्छु
फिडर लाग्दैन, ट्रान्सफरमर जल्छ
बुस कटिङ नै भएन भन्छन् मै गाली खान्छु,
मैले डिउटी राम्रो गरें वा गरिनँ थाहा छैन,
परिवारसँग बसेर कहिल्यै खाना खा'को छैन,
न समयमा सेफ्टी सामान पाएको छु,
मन लाग्दी सटडाउन लिनेसँग अघाएको छु,
कहिले त लाग्छ म सुरक्षित छैन

यसोभन्दा कन्फिडेन्ट घटेको होइन
दिनभरिको कामले ज्यान थकानमा छ,
फेरि नोलाइटको फोन मेरै कानमा छ,
खोज्नुपर्छ पिन पन्चर भयो वा डिक्स जम्पर उडेको छ,
रातको १ बजेको छ, मेरो गाडी रोडमा गुडेको छ,
न कोही धन्यवाद दिन्छ, न कामको तारिफ छ,
न हौसला छ न उत्प्रेरणा छ ।

तुलसीपुर वितरण केन्द्र ने.वि.प्रा.

---

गीत



▫ रामेश्वर राउत मातृदास

## असारे भाका यी वनपाखा

शीरको फूल भीरको पानी औंखाका तारालाई
देखाउनैपर्छ पौरख आफ्नो दुनिआ सारालाई
असारे भाका यी वन पाखा जीवनका जवानी
एकसाथ हुन्छन् धरती-आकाश यो हाम्रो कहानी
॥१॥
हिमचुली हाम्रा जीवनका धारा सभ्यता खोलीको
हृदयभित्र छिपेर राखौं मूल्य छ बोलीको
ढाँडका ढुङ्गा आशाका ढुङ्गा एकमै पार लाऔं
साएर हिलो असारको मैलो सबैले गीत गाऔं
॥२॥
देउराली पाखा मनको भाका घामपानी झरी भो
किन हो आज मेघको बाटो हामीलाई छाडि गो
इन्द्रैले खाउन दही चिउरा बरु महादेव पानी देऊ
खुशीमा होस या रिसले व्यथै नदेखाऊ मनको लेऊ
॥३॥
भूस्वर्ग हाम्रो नेपाल राम्रो जागौं हेऽ जिम्दा हो
तेतीसकोटि देव-देवी हामी यहाँ छन् र अरू को
तारा हौं सत्य हामी नै हाम्रा असारका सार घौं
ढुकढुकी हामी देशको शुद्ध भाषा र वेश हौं ।

▫ रारामा
महोत्तधाम- निर्झर विजनेत- सिन्धुबस्ती
२०७१।०२।०१।०१

पूर्व अध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज

# मनुष्य हो समयमै सुध्रेर राम्रो बन



अरुण ज्ञवाली शास्त्री

सक्यो मानवता कठै मनुजमा पाषाण जस्तो भयो
चारैतर्फ छ काटमार झगडा संसार कस्तो भयो
मान्छेको बिचमा रही जगतमा गाह्रो भयो बाँचन
रून्छन् जीव चरा र बोटबिरुवा देखेर पापी जन ।

मारिन्छन् दिनहुँ जनावर चरा तिन्लाई दुख्दैन र ?
मान्छे झैं जगमा समान हक के त्यो जीवको छैन र ?
मासीए ढलले ति गोही कछुवा माछाहरू झन्झन
रून्छन् लौ निमुखा जनावर कठै देखेर पापी जन ।

पानी कागज पेक बोतल सिसा फालेर चारैतिर
के टाँस्छौ घरमा हिमाल झरना उद्यानको तस्बिर
लाजै छैन छरेर यो जमिनमा फोहोर लाखौं टन
रून्छन् शैल पहाड ताल झरना देखेर पापी जन ।

हावामा विष घोलियो सकस भो लौ सास फेर्नै पनि
सातो डोजरले लियो जमिनको पाखा पखेरा खनि
अन्धाधुन्द विकासको चलनले आँट्यो सबै मासन
रुन्छन् श्वेत हिमाल सागर नदी देखेर पापी जन ।

लाखौं बन्दुक तोप बारूद कहाँ के गर्न चाहिन्छ र ?
मान्छे आपसमा लडेर कसरी आनन्द पाइन्छ र ?
आँखा खोल मनुष्य हो समयमै सुध्रेर राम्रो बन
रून्छन् आज सबै सबै जगतमा देखेर पापी जन ।

यौटा सुन्दर शान्त जो जगतको निर्माण थालौं न है
धर्तीमा अब ज्ञानको चहकिलो त्यो दीप बालौं न है
बाँच्ने हो जगका चराचर सबैलाई बचाईकन
मास्सेला धरती ल है समयमै सुध्रेर राम्रो बन ।

गुल्मी वितरण केन्द्र



# संस्थाप्रति मनन

**कमला कुँवर**

हाम्रो देशको मूल खम्बा ने.वि.प्रा.संस्था
योग्य सीपको सदुपयोग प्राविधिकका जस्ता

उत्पादन वितरण काम हो प्रशारण
अँध्यारोलाई उज्यालोमा महान् छ योगदान

अत्याधुनिक प्रविधिको उचित प्रयोग गर्दै
बर्सातको पानीलाई स्टोरेजमा भर्दै

अटोमेसन कम्युनिकेसन प्रविधि भो जाती
म्यानुअल बाटै अप्रेसन सिस्टम उठ्यो माथि

अनुशासित प्रशासन चुस्त छ नि लेखा
श्रम सीपको दक्षतालाई रोजगार दिने संस्था

समथर फाँट पहाड हिमाल भूगोल थरीथरी
नछुटाई सेवाप्रवाह पूरै देशभरि

अमृत जस्तै मूल्यवान् बगेका ती पानी
सदुपयोग भरपूर गर्दै बढ्दो व्यापार पनि

ग्राहकले खुसीसाथ महसुल तिरून्
बक्यौताका कुरा हैन जिम्मेवार बनून्

आवश्यकता उपयोगिता उपभोक्ताको पाटो
मूल्याङ्कन बेलैमा होस् पछुताउनु साटो

काम गर्दा नपरोस् है अकालमा मर्न
मनोबल नगिरोस् है नपरोस् आँसु झार्न

आहा-आहा भएको छ जीवन यस्तो हेर्दै
सबै जनमा खुशी आओस् जीवन बनोस यस्तै

संस्थाप्रति प्रेम जागोस् काममा ध्यान लागोस्
वातावरण यस्तै बनोस् सीप बढ्दै जाओस् ।

आयोजना व्यवस्थापन निर्देशनालय

# आर्थिक रूपान्तरणमा जलविद्युत



कमलबहादुर खड्का

उन्नाइस सय अठसट्ठीमा चन्द्रज्योतिको नाउँमा
चम्कियो रे बिजुली काठमाडौंको फर्पिङ गाउँमा
पहिले अड्डा, कर्पोरेसन पछि बन्यो प्राधिकरण
छर्न थाल्यो उज्यालो चिर्दै-चिर्दै कालो ग्रहण ।

मुलुकको विकास गर्न प्रयोग गर्दै जलस्रोत
उज्यालो देश बनाउने भावनाले ओतप्रोत
बनाएर आयोजना भरिएको जलाशय
ऊर्जा मार्फत विकसित देश बनाउने आशय ।

विद्युतकै लागि जस्तो नेपालको भौगोलिक
गुणस्तरीय बिजुली उपभोक्ता हक मौलिक
ऊर्जाको प्रयोग विना व्यापार नाफा कहाँबाट
नियन्त्रण गर्दै जाऔं विद्युत चुहावट ।

रमाउँदै छ उज्यालोमा मुगु पनि कर्णालीमा
जलविद्युत नै मुख्य अंग देशको आर्थिक प्रणालीमा
समृद्ध नेपालमा अर्थतन्त्र बलियो
आर्थिक क्रान्तिको मूल साधन जलविद्युत कहलियो ।

तीव्र दरमा वृद्धि गर्दै विद्युतको उत्पादन
विद्युतबाटै कुद्न थाले यातायातका पनि साधन
वित्तीय लगानीको नीतिले पो हो कि या त
हुन थाल्यो विदेशमा जलविद्युत निर्यात ।

ग्यास, पेट्रोल, डिजेलले धेरै गऱ्यो मुद्रा जफत
चुल्होदेखि उद्योगसम्म बढाऔं अझ विद्युत खपत
अझ धेरै उठ्दै छ रे विद्युत बाँकी बक्यौता
बंगलादेशमा हाम्रो विद्युत भएको छ रे सम्झौता ।

सबै याममा विद्युत माग पूरा गर्नु चुनौती
अझै थप्दै जानुपर्छ फर्पिङ र पनौती
सबै क्षेत्र, सबै पात्र, राजनीतिक दलहरू
खोजौं हामी मिलेर समस्याका हलहरू ।

के विकास हुन्छ त्यहाँ छैन भने बिजुली
जलविद्युतको विकासमा लागी परौं मिलिजुली
इतिहासलाई फेरि पनि एकफेर सम्झेर
जन्मनु छ बनेर विद्युतप्रेमी सम्सेर ।

परासी वितरण केन्द्र, नवलपरासी

कविता

# अग्रगमन

युवराज शर्मा



ॐ
अग्रगमनायः नमोःनमः जप गर्दै
दुई ढुङ्गा बीचको तरुल
चलाउने पाङ्ग्रा
गगनतिर फर्किएर
नक्षत्र हेरिरहेको
साराले देखिरहेका छौं

बाहिरी दुनिया भन्छ–
यो जाम कहिलेसम्म ?

डरले काँप्दै, तरुलले
श्वासैश्वासमा भन्यो–
सतीश्रापको ढुंगामाथि
कुन पुराण लगाउँदा मुक्ति मिल्छ हजुर !

प्रसारण निर्देशनालय ने.वि.प्रा.



# रहर

कविता पोखरेल

मेरा रहरहरू अनगिन्ती छन्
सामुन्ने रहरका ठेली नै ठेली लागेका छन्
मानौं म रहरको सिरानी लगाउँछु
प्रत्येका गाँसमा म रहरहरू चपाउँछु
कतै छुट्लान् कि भनेर सूची नै बनाउँछु
न सक्छु एउटा मात्र पूरा गर्न
न सक्छु कुनै एकलाई सूचीबाट हटाउन ।

अरुको भन्दा अनौठा छन् मेरा रहरहरू
धनाढ्य बन्ने होइन दैनिकी चलाउने मेरो रहर
अरुका अगाडि फिक्का लाग्छन् मेरा रहर
मेरो राष्ट्रिय रहर अरूका अन्तर्राष्ट्रिय रहर
अरू पूरा गरिहाल्छन् म भने सोचिरहन्छु
रहर पूरा गर्ने उपाय खोजिरहन्छु
हो रहर मात्र गरिरहन्छु, कल्पिरहन्छु ।

लाज लाग्न थाल्छ सम्झेर मेरा रहरहरू
थोत्रा भएछन् अब त मेरा रहर
मेरो सामान्य गर्जो टार्ने रहर
खाना, नाना, छानाको व्यवस्थापनको रहर
शिक्षा, स्वास्थ्यमा पहुँच पुऱ्याउने रहर
अरुको त जोखिम मोल्ने टिकटके रहर
फेरि भाइरल हुनुपर्ने खहरे रहर ।

अब त रहरले पनि आधुनिकताको काँचुली फेरेछन्
लाइक, कमेन्ट, फलो, अनफलो कस्ता कस्ता रहर
केही देख्यो कि जागिहाल्ने लहडी रहर
ईर्ष्यालु रहर, देखासिकी रहर
न निल्न सक्छु, न ओकल्न यी रहर
मेरा निम्ति अप्ठ्यारो भैदियो रहर
लाग्छ रहरले छोप्नै लागिसके
अझ खिस्स गिज्याउन पो थालिसके ।

बेमौसमी बाजा झैं बजिदिन्छ रहर
कति उदार छन् जिन्दगीका रहर
न बन्धक बनाउन मिल्ने न त लगाम कस्न
पिंजडामा थुन्न मिल्ने भैदिनु नि रहर
जिन्दगीसँग पौंठेजोरी खेल्दाखेल्दै बन्धक बने मेरा रहर
अभाव झेल्दा झेल्दै मर्दै गए सारा रहर
जिन्दगीसँग नै भाग्दैछु पूरा गर्न नसक्ता
मेरा सामान्य रहर, हो मेरा सामान्य रहर ।

**ठिमी वितरण केन्द्र, ने.वि.प्रा**



# म त जागिरे



**केन्द्र गुरुङ 'तिराली'**

म त जागिरे, जागिर मेरो कर्म हो
आफू जलेर अरुलाई उज्यालो दिनु मेरो धर्म हो
त्यसैले म भन्छु
मलाई नरोक कोरोना ।

मलाई धेरै ग्राहकहरू कुर्दै होलान्
कोही बत्ती नबलेर कुर्दै होलान्
कोही मिटर नचलेर कुर्दै होलान्
कोही एम.सी.बी. नचलेर कुर्दै होलान्
कोही तार चुँडिएर कुर्दै होलान्
त्यसैले म भन्छु
मलाई नरोक कोरोना ।

मलाई नबलेको बत्ती बाल्नु छ
मलाई नचलेको मिटर फेर्नु छ
मलाई जलेको एम.सी.बी. फेर्नु छ
पोलबाट चुँडिएर झरेको तार जोड्नु छ
त्यसैले म भन्छु
मलाई नरोक कोरोना ।

सुटुक्क मेरो भूगोलको रेखा नाघिसकेछ कोरोनाले
विना खबर मेरो आँगनको डिलमा टेकिसकेछ कोरोनाले ।

म त तिम्रै प्रिय पात्र हो भने कोरोनाले
म भन्छु, कान खोलेर सुन
मेरो कर्तव्य पूरा गर्न देऊ
नबलेको बत्ती बालेपछि
नचलेको मिटर फेरेपछि
जलेको एम.सी.बी. बदले पछि
चुँडिएको तार जोडेपछि
लैजाने नै हो भने लैजाऊ कोरोना मलाई तर
कसैले नदेख्ने गरी
कसैले थाहा नपाउने गरी
किनकि
म त निभेको बत्ती बाल्ने ऊर्जा हो
म त मिटर चलाउने पूर्जा हो
मलाई खोजी गर्न सक्छन् सबै सबैले
म त जागिरे, जागिर मेरो कर्म हो
आफू जलेर अरुलाई उज्यालो दिनु मेरो धर्म हो ।

**सामान्य सेवा विभाग, ने.वि.प्रा.**

*कविता*

# उज्यालो नेपाल

**जीतेन्द्र कुमार यादव**

हामी नेपाली उज्यालो भनेको सूर्यलाई भन्थ्यौं
हामी नेपाली उज्यालो भनेको दियोलाई भन्थ्यौं
हामी नेपाली उज्यालो भनेको जेनेरेटरलाई भन्थ्यौं
हामी नेपाली उज्यालो भनेको काठमाडौंको बिजुलीलाई भन्थ्यौं
हामी नेपाली उज्यालो भनेको
गाउँ शहरमा बिजुलीको पोल तार बिस्तार गरिरहेको हेरेर भन्थ्यौं
हामी नेपाली उज्यालो भनेको
एक दिनमा दुई घण्टा बिजुली आउने बेला भन्थ्यौं
हामी नेपालीले वास्तविक उज्यालो नेपाल भनेको मिति २०७३ पछि देख्यौं ।

**मिर्चैया वितरण केन्द्र, ने.वि.प्रा.**



# म एक आमनेपाली

गजेन्द्रप्रसाद श्रेष्ठ

हिमालको काखमा रहेको
पहाडको आँगनमा जन्मेर
तराईको मैदानमा लडीबुडी गर्दै
प्रकृतिको अति सुन्दर रचनाको
प्राकृतिक शीतलतामा हुर्केको
म एक आम नेपाली
आज दूर दूर परदेशको भूमिमा
मनुष्यद्वारा सिर्जित कृत्रिम हावामा
सुन्दर सपना साँचेर
नेपाली पसिना बगाउँदैछु

विकासका नाउँमा हिजो गाउँमा
डोजर आउँदा खुशीले गदगद थिएँ म
खुशी अनुहारमा छचल्किन नपाउँदै
डोजरे विकासले थिल्थिलिएको मेरो गाउँ
सिमसिमे वर्षाको भार सहन गर्न नसकी
पहिरोको चपेटामा पर्दा
पहिरोसँगै बगिरहे सम्पत्ति मेरा
म टुलुटुलु हेरिरहें गर्न केही सकिएन

बेसहारा भै गाउँमा म
बाँच्ने आधार नभएपछि
बाँच्न कै लागि संघर्ष गर्दै
आफ्नै मातृभूमिमा जिउने आधार खोजीरहें

तर न गतिलो श्रम पाएँ यहाँ मैले
न त पाएँ राम्रो श्रम मूल्य यहाँ मैले
पाएँ त मैले पल पलमा हन्डर
पाएँ त मैले पल पलमा ठक्कर
विवश म
मेरा प्रमाणपत्र बाकसमा थन्काएर
अर्काको दासी बन्न परदेशिएको छु
सपनामा सुन्दर नेपाललाई नियाल्दै
हरेक पल मातृभूमिको माटोलाई
हरेक क्षण डाँडापाखा हरियालीलाई
साथीसङ्गी अनि प्यारो गाउँलाई सम्झदै
मुटुभित्र मिलनको आशा जगाउँदै
परदेशीहरूको माझ मनको पीडा लुकाउँदै
अप्राकृतिक हाँसोमा श्रमको पसिना बगाउँदैछु म
भोलिको सुन्दर भविष्यको कल्पनामा रमाउँदैछु म
तर थाहा छैन म आफैंलाई मेरो भोलि
कुन हालतमा मेरो धर्ती चुम्न आउँछु
यही हो नियति म एक आम नेपालीको ।

**आयोजना विकास विभाग**



# के छैन मसँग ? सबथोक छ



चतुर्भुज गौतम

कसैले
सोधेको हुन्छ-
"के छ ?"
सधैं झैं रेडिमेड
जवाफ हुन्छ मेरो -
"ठीकै छ"
केवल
समर्पणको भावमा
जवाफ दिइरहेको छु.......... ।

कसैले !
सोध्दैन-
"अप्ठेरो के छ ?"
म पनि भन्न सक्दिनँ-
"चोटैविना !
घाइते भएको मन र मुटु छ"
"घाउविना नै चर्किएका
भावनाहरू छन्"
"निश्वास विना नै फेर्न नसकिएका
श्वासहरू छन्"
"अविश्वासका घातहरूद्वारा
निर्लज्ज भै
निरन्तर बलात्कृत भैरहेका
विश्वासहरू छन्"...................... ।

सोध्छन् कसैले-
"के छैन र तिमीसँग ?"
म पनि प्रत्युत्तर विहीन
हुन सक्दिनँ-
"हो ! मसँग सबैथोक छ"
"के छैन र मसँग ?"
"मौनतामा बल्झिएको
अबुझ र अस्थीर मन छ"
"आदिम र अपूर्ण
कल्पनाले भरिएको
सपनाहरूको फेहरिस्त छ"
"तिनै सपनाको महलभित्र
गुम्सिएर दन्किरहेको,
आगोको ज्वाला बोकेर
क्रान्ति गर्न तम्सिएको
मनभित्र अनियन्त्रित
मस्तिष्कको बोझ छ"
"के छैन र मसँग
सब थोक छ"...।

कर्मचारी कल्याण महाशाखा



# पटक पटक रोएको छु

छविलाल नेपाली

विनाशकारी भुइँचालोले हजारौंको ज्यान लिँदा,
हजारौं नेपालीलाई घरविहीन बनाउँदा,
पालमुनि सयौं दिनरात बिताउँदा,
आफ्नै अगाडि आँखाले देख्न नसकेर,
पटक पटक रोएको छु पीडाहरू खप्न नसकेर ।

त्रिशूलीमा बस खसे कतिको काख रित्तियो,
कति चेलीको सिन्दूर पुछियो,
कतिले बाआमा गुमाए, टुहुरा भए,
सासको त आशै छैन लाश पनि भेटिंदैन,
चहराइरहेको घाउमा मलम लाउन नसकेर,
भक्कानिंदै रोएको छु, दु:खमा सघाउन नसकेर ।

बाढी आयो पहिरो आयो, जीउ धन गुमाए कतिले,
बाँच्नेलाई बस्ने बास छैन खानलाई केहीको गाँस छैन,
हे ईश्वर तँ कति निष्ठुरी बनिस् सबै रित्तो पारिस्,
विचरा ती निमुखाको आउने कुनै बाटो छैन, लाउने लुगा फाटो छैन,
कठै बेसहाराहरूको कहाली लाग्दो जीवन देखेर रोएँ
कसैले देख्छ भनी एक्लै परेली छेकेर रोएँ ।

अर्थतन्त्र कमजोर बन्दै गयो देशको निरन्तर,
महँगीले आकाश छोयो, बेरोजगारले सीमा नाघ्यो,
जतातत‌ै अभाव भयो विदेशिन दबाब भयो,
भोकमरीले जनताहरू सडकमा आउन थाले,
विदेशिन लागेका एयरपोर्टमा हजारौं मर्दहरू देखेर,
पटक पटक रोएको छु, गरीबका पीडा दर्दहरू देखेर ।

ने.वि.प्रा. म्याग्दी वितरण केन्द्र

# जिन्दगी



सुशील राना

के नै रहेछ जिन्दगी, हाँसो र रोदनको घर
अर्काको को त के, आफ्नै त छैन यहाँ भर
सुख र खुी सबै पाए जस्तो लाग्छ
तर कल्पनामा नै सीमित भई विपनीमा भाग्छ ।

सिरीसिरी बतास बनी आउँछ त्यो खुशीको पल
लाग्छ कि यो टिक्छ, अब यसले दिन्छ मलाई बल
छाउँछ खुशी, हर्ष उल्लास, हराउँछु एकैछिन कहाँ कहाँ
तर फेरि हवासरी बगेर जान्छ पाउँछु आफैंलाई एक्लै यहाँ ।

सानो छँदा थोरै कुरामा नै समेटिने यो जिन्दगी
अहिले आउँदा यसको सिमाना र आकार खोज्छु
जिन्दगीको दौडधुपमा कहिले यता कहिले उता
समयसँगै सिंगारी खेल्दै आफैंलाई आफैंले प्रश्न सोध्छु ।

पुग्नु छ धेरै टाढा, कठिन छ जीवनको बाटो
त्यो गर्मी र घामले आएको पसिना र लत्पतिएको माटो
त्यही पनि लड्दै र फेरि उठ्दै निरन्तर हिंड्ने प्रयास गर्दैछु
मुटुमा ढुङ्गा राखी आफ्नो मनलाई आफैंले सम्हाल्दैछु ।

मध्य मर्स्याङ्दी जलविद्युत केन्द्र



# अमर विद्युतकर्मी

**जानुकाकुमारी खतिवडा**

ने.वि.प्रा.को ३९ औं वार्षिकोत्सव आयो है विद्युतका कर्मचारी माझ,
खै के उपलब्धि पाइने हो भनी सुन्न आतुर छन् कर्मचारी जति सब ।

जागिरको पहिलो दिनदेखि उत्साहका पाइला टेकेको थिएँ प्राधिकरणको आँगनीमा,
घाम पानीसँग कति जुध्दै हिडिरहें रातदिन ग्राहकको घर घरमा ।

ग्राहक हाम्रा देवता हुन् भन्ने मान्यतामा सधैं अडिग भई म रहें,
बाबा आउँछन् भन्ने प्रतीक्षामा बच्चालाई राख्दै लाइन मर्मतमा हिडिरहें ।

विडम्बना त्यहाँ आइलाग्यो जहाँ काम गर्दै थिएँ हाइभोल्टेज लाइनमा,
काम गर्दा पत्तै पाइनँ झ्याप्पै करेन्ट लागी मरेछु लाइन बनाउने क्रममा ।

हिजो मात्र कुरा भ'को थियो परिवारसँग स्वर्गद्वारी घुम्न जाने भनेर,
तर बिचरा मलाई के थाहा म नै स्वर्ग जान्छु भनेर ।

म त अमर विद्युतकर्मी भएँ हजुर विद्युत प्राधिकरणको लाए–अह्राएको काममा,
मेरो ती अबोध बच्चाको भविष्य अब पो पऱ्यो अन्योलमा ।

वार्षिकोत्सव आउँछ जान्छ हरेक सालको भदौ १ मा,
मेरा लागि के उपलब्धि आयो म गनिएको छु अमर विद्युतकर्मीमा ।

प्राधिकरणको सेवा गर्ने वाचा मैले मनैदेखि खा'को थिएँ,
आफू अमर भएर पनि विद्युतको ऊर्जा दिन आखिर म योग्य भएँ ।

सपना थियो विद्युत प्राधिकरणको वार्षिकोत्सवमा कुनै दिन अवार्ड पाउँछु भनेर,
वार्षिकोत्सवअघि नै प्राधिकरणको इतिहासमा नाम रचें- अमर विद्युतकर्मी भनेर ।

ने.वि.प्रा.को अमर विद्युतकर्मी भएँ कर्मठ कर्मचारी भएर
हो हजुर, म गर्वको पात्र बनें, अमर विद्युतकर्मी भएर ।

**ने.वि.प्रा., काभ्रे वितरण केन्द्र**

# सन्देश



निर्मला गैरे कँडेल

खोलामा जलमा अपार महिमा फालेर डुल्छौ किन
झोलामा बलमा निकाय जनमा हालेर हिंड्छौ किन
हामीमा कमजोर यो छ सबमा बोलेर जित्छौ किन
कार्यनीति बनाऊ सोच मनमा जोखिम मौल्छौ किन ।

पूर्वाधार तिम्रै वरिपरि छ संकोच मान्छौ किन
ऊर्जामा पसिना बगाउन पनि सानो म भन्छौ किन
जान्ने मै हुँ विषाद भनी अरुको लुटेर भाग्छौ किन
आम्दानी यहीं रोजगार यहीं विदेशी हुन्छौ किन ।

इशारा बन समृद्धि हुन भनी चुनौती दिन्छौ किन
बाटो खोइ झिलीमिली बत्ती जहिले अप्ठेरो हुन्छौ किन
सिद्धियो अनुरोध कत्ति छ अटेरी हुन सक्छौ किन
हातेमालो गरी बढौं अब सबै फुटी हिंड्छौ किन ।

देख्यौ काम चढेर पोल जहाँ जोखिम बुझ्दैनौ किन
साथीभाइ झुन्ड हुँदा कसले लाद्यो र जुट्दैनौ किन
भोलिका असली हीरा फल्छ यहाँ देखेर उठ्दैनौ किन
लाचारी नबनी आउन जनता भविष्य देख्दैनौ किन ।

मध्यमर्स्याङ्दी जलविद्युत केन्द्र



# अस्मिता

**पार्वती कर्माचार्य**

हाम्रो इतिहास हाम्रो अस्मिताले
आज काँचुली फेरिदिएछ,
यही खुशियालीमा आज उसले
सस्तो सर्बतले गला धोएछ ।

विगतको स्वर्गीय हरियालीले
बिदाबारीको संकेत दिएछ,
अनि उसले पनि दुई घुट्को
मदिराको प्याला आज पिएछ ।

वाह ! कति बुद्धिमान् 'गरीब' छन् यहाँ
एक्काइसौं शताब्दीका 'धनी' भनिनेहरू
कति क्रियाशील छन् यहाँ
फगत नर रूपमा आएका पशुहरू ।

पैसाको मूल्य अब केवल जवानीमा अरे
विश्वास गुम्न थालिसक्यो पसिनामा रे
त्यसैले आश्वस्त छन् अल्लारे गोरुहरू पनि
भोलिको पुस्ताको भाग खोसेर,
पौरख र पौरखीको परिभाषा बिर्सिएर
नरकङ्काल भएका आधुनिक दुःखीहरू
मस्त छन् आ-आफ्नै धूनमा
व्यस्त छन् दाउरालाई सुन बनाउने धूनमा ।

ए बाबा, अलिकति त सोचिदेऊ,
तिम्रो नाङ्गो बन्चरोले रोएको छ
तिम्रो नाङ्गो खुकुरीले पिरोलिएको छ,

तिम्रै अस्मिता, तिम्रै गरिमा,
तर आएन बुद्धि कहिल्यै पनि,
तिमीलाई तिम्रो जीवनभरिमा ।

धन्य छौ,
ए ! एक्काइसौं शताब्दीका हामी,
कस्तो देख्तछौ आजभोलि सपना पनि,
अस्मिता रोएको, गौरव चिच्याएको,
अनुभव भएन तिमीलाई त्यो हृदयमुनि,
अनुभव भएन तिमीलाई त्यो हृदयमुनि ।

**धनुषाधाम वितरण केन्द्र, ने.वि.प्रा.**

**कविता**

# सुनौलो भोलिको आशा



मिमन पुलामी

सबै मख्ख छन् अहिले धान रोपी
असोज कार्तिकमा भित्र्याउँला भनी
तर म कस्तो दुष्ट, दुःखी छु
रात कसोरी कटाऊँ भनी !

मन त थियो मेरो पनि मस्त निदाउने
तर दर्किंदै घरभित्रै पर्छ पानी
अनि सिकसिकाउँछ क्यारे !
आधी रातमै रुन्छे सानी नानी !

मलाई मात्र सताउन मेरै घरमा
किन परेको भन्दै बर्बराएँ आधी रातमै पनि
भ्यागुताहरू ट्वार ट्वार गीत गाउँदा
मलाई नै गिज्याएर झपारे झैं लाग्यो अनि !

बर्षामासमा वर्तमानमै सबै व्यस्त छन्
आज मानो रोपी भोलि मुरी फलाउन भनी
तर भोलिको आशामा बस्ने एक मै दुःखी होला नि
एक दिन त म पनि अन्न फलाई भित्र्याउँला भनी !

**ने.वि.प्रा., केन्द्रीय कार्यालय, काठमाडौं ।**



# हामी फरक किन ?

पवन विश्वकर्मा

ऐना हेर्छौं, अरु जस्तै छौं
हामी पनि त मान्छे नै हौं

हाम्रो श्रम चल्यो, सीप चल्यो
तर पानी चलेन

हाम्रा पौरखी हातहरूले
मन्दिर मूर्ति बनाए
तर
समाजले हामीलाई मान्छे बनाएन ।

हाम्रो सीप र कौशलले यन्त्रहरू बने
तर हामीलाई मान्छे भनेनन्
हाम्रो जवानी चल्यो तर ज्यान चलेन
हामीले बनाएको भाँडा चले तर हामी चलेनौं ।

हो, महोदय !
हाम्रै पुर्खाको सीपले बन्दुक बने
बन्दुक र खुकुरीको वीरताले देश बने
तर हामी प्रजा बनेनौं

तर पनि
हामीले हाम्रो जोश र जाँगर मारेनौं
अथक यात्री झैं आफ्नो कर्ममा लागिरह्यौं
देशको रक्षार्थ जागिरह्यौं ।

जब हामीमा
चेतनाको बीजारोपण भयो
अनि हक अधिकार मागिरह्यौं

हाम्रा बाजेका काला अक्षरहरू
हाम्रा लागि सुनौला बनिरहे

हाम्रा बाजेका दमित आवाजहरू
आज बुलन्द बनिरहे
हामी फरक किन भनिरहे

हो, महोदय !
हामी फरक किन भनिरहे ।

**लगनखेल वितरण केन्द्र, ने.वि.प्रा.**

# भाग्यमानी भाइ



गोविन्द कुँवर

तीन वर्षको दूधे बालक
आमाको काखमा खेल्ने
रहर त उसको पनि थियो होला
तर आमाले बाबु काखमा खेल्न
अर्को सानो मान्छे आउँदैछ भनेकै दिनदेखि
ऊ तीस वर्षको जस्तो बुझ्ने भयो
आमालाई सताएर आमाको माया पाउने
रहर त उसको पनि थियो होला
तर सानो भाइले आमालाई हैरान पारेको
देखेपछि ऊ चुपचाप बस्यो ।

पल्लाघरकी काकीले तेरो भाइ लगिदिम् ?
भनेर जिस्काउँदा आँखा तरेर
दिन्नँ मेरो भाइ कसैलाई भन्दै अँगालो कस्थ्यो
दिनभरि भाइलाई भुलाएर बस्थ्यो ।

कहिले टोलमा लफडा
कहिले स्कूलमा झगडा
उ सधैं भाइको वकिल बन्थ्यो
धेरै बिग्रिस् अब घरमा भन्दिन्छु भन्थ्यो
तर आमाको अगाडि भाइका नरम आँखा देखेपछि
उ आफैं नरम बन्थ्यो ।

गल्ती भाइको, दोष दाइलाई
बिगार्ने भाइले, सजाय दाइलाई
बढ्दो उमेर, बढ्दो जिम्मेवारी
घरको जेठो छोरो, सबैको आशा
कसरी बनाउँथ्यो सबलाई निराशा
अब केही गर्नुपर्छ दाइले दृढता कस्यो
आफ्ना जिम्मेवारी निभाउन परदेश पस्यो
दाइ विदेसिने बित्तिकै बढ्यो भाइको माग
कहिले बाइक, कहिले डि.एस.एल.आर. को चाख
राम्रै खा भाइ, राम्रै ला दुःख नकाट भन्छ
म सबै पुऱ्याउँछु त मात्र आँट भन्छ
दुःख पाएरै भए पनि पूरा गर्छु तेरा रहर भन्छ
तेरो दाइ जिउँदो हुन्जेल पीर नगर भन्छ
उसलाई आँखैमा राख्दा पनि बिझाउनु ? असम्भव
चित्र वा चरित्र कुनै एकमा खोट लाउनु ? असम्भव
पक्कै पूर्व जन्ममा केही पुण्य गरेको हुनुपर्छ मैले
एक जुनिको कर्मले ऊ जस्तो दाइ पाउनु ? असम्भव
सायद अरु कसैको होला यस्तो माया गर्ने दाइ
सायदै अरु होला म जस्तो भाग्यमानी भाइ !

**लगानी विश्लेषण महाशाखा**



# खण्डित मनका आशाहरू



**बलराम 'परिवेश' पुडासैनी**

सुधोपनलाई टिठताको पर्खालले गजधम्म घेरे जस्तै
सत्यतालाई विवशताले टुलुटुलु हेरे जस्तै,
अबोध निर्बोधपनलाई बल-बठ्याइँले बेरे जस्तै
खण्डित मनका भाकाहरूलाई सुसेलीले सेरे जस्तै ।

निष्प्राण सलबलाउँछ, ढलमलाउँछ, चलमलाउँछ
उस्तै उत्रै छायाहरूबाट बेला पतेला झैं चट्ट चुँडिएर
लत्रक्क लत्रिएर ओइलाउँछ, बैलाउँछ
खण्डित मनका आशाहरू सञ्जीवनीमा जाग्रीत बन्छ ।

गन्तव्य पर्गेल्न नसक्दा बटुवाले बाटो मोडिए जस्तै
स्वार्थताले गाँज्दा साथ साथी छोडिए जस्तै
उद्देश्यात्मक लग्नगाँठो अनायास जोडिए जस्तै
खण्डित मनका आशाहरू कल्याणकारी भाका नबन्दै ।

सयौ अर्घेल्याइँले धसेट्दै गर्दा, हजारौं बैगुनले लखेटदै गर्दा
लाखौ षडयन्त्रको गन्धभाषहरूबाट फुत्त उछिट्टिएर
खण्डित मनका आशाहरूले सगरमाथाको उचाइ चुम्न पुग्छ
मानवताको भाकाहरूमै उग्न पुग्छ ।

खण्डित मनभाकाहरूको माधुर्यता गुन्जिएकै छ
लाख लाख सलाम छ, होच्चिएका कदहरूलाई
खण्डित मनका आशाहरू जाजुल्यले जुर्मुराउँदै छ
अनदेखा पदचापहरूलाई साधुवाद छ ।

मोडिएका बाटाहरूमा, जोडिएका घाटाहरूमा
छोडिएका सम्बन्धीका नाताहरूमा
खण्डित मनका भाकाहरूले जीवन्त सत्यतालाई
पर्गेल्ने आशामै लम्केकै छ, चम्केकै छ, गम्केकै छ ।

खण्डित मनभाकाहरूको लालिमा लालित्य पोतिएको आभा वीच
लाखौ करोडौ जय मनमा बिरपित गुन्जि रहून्,
गुन्जि रहून् सधैंभरि, यसै गरी घरी घरी
भद्र मनमा भदौ, जाति जनमा जदौ ।

केन्द्रीय लेखा विभाग



# संसद्मा हङ्गामा

भोला शर्मा

जनता सोध्छन्-
सांसदज्यू हाम्रो क्षेत्रमा बाटो कहिले बन्छ ?
हरेक सालको अन्तिममा
गाउँमा डोजर जान्छ
बस्ती, खेतबारी र पखेरा खन्छ
भेल बगेर त्यहीं पहिरो जान्छ
भन्नुहोस् सांसदज्यू कहिले हाम्रो बाटो बन्छ ?

सांसद सोध्छन्-
मन्त्रीज्यू जनता अब चतुर भइसके ।
हाम्रा आश्वासनहरूको हिसाबकिताब मागिसके
मेरो क्षेत्रमा बजेट कहिले निकासा हुन्छ ?
ती उजाड बस्तीमा कहिले विकास हुन्छ ?

मन्त्री सोध्छन्-
प्रधानमन्त्रीज्यू, सांसदहरू रिसाएर बमबम छन् ।
कसैले विकास त कसैले सुविधा माग्छन्
कसैले मुड्की त कसैले कुर्सी ताक्छन्
लौ न हजुर,
योजना अनुरूपको काम कहिले हुन्छ ?
गरीब दुःखीहरूको सम्मान कहिले हुन्छ ?

सम्माननीय मुख खोल्छन् :
सांसद महोदय,

जब हामी माथिको अविश्वास प्रस्ताव फिर्ता हुन्छ,
तपाईंको विकासको निवेदन दर्ता हुन्छ
तपाईंले कुरा बुझ्नु भएछ भने,
यो वर्षको अन्त्यसम्म तपाईंको काम पक्का हुन्छ
त्यहाँ विकासको छक्का हुन्छ
कुरा नबुझे त्यहाँ,
विकास निर्माणमा धक्का हुन्छ ।

मन्त्री/प्रधानमन्त्री पहिले भन्थे,
यो वर्षमा विकास त जसरी हुन्छ
असार पन्ध्र भइसक्यो अब विकास कसरी हुन्छ ?
भनसुन गर्दागर्दै मनसुन छिरेको छ
मनसुन छिरेसँगै सरकारको इमान्दारी गिरेको छ ।

बाढी आएको छ,
पहिरो आएको छ
बाढी पहिरोसँगै विश्वासको खडेरी आएको छ
समृद्ध नेपाल सुखी नेपाली भन्थ्यौं के भयो महोदय,
न देशमा समृद्धि आएको छ
न देशबासीको मुहारमा मुस्कान नै छाएको छ ।

**आन्तरिक लेखा परीक्षण विभाग, ने.वि.प्रा.**





# शहरमा एक्लिएपछि

**महादेव भट्टराई**

हराभरा गाउँलाई छिनभरमा चटक्कै बिर्सेर,
महान व्यक्ति बन्ने आकाङ्क्षी
दुविधामा परेपछि पुनरावृत्तिको बाटो पहिल्याउन
मरिमेटी लाग्दा पनि शहरमै हराइरहेछु ।

गाउँ छोडेकै दिन भान्साको जोहो गर्न,
दिउरी, डेक्ची, थाल, गिलास, लुगाका पोकाहरू,
आमा बाले तयार पारेका करेसाका करेला, घिरौंला, गुन्द्रक र
घिउका भाँडाका यादहरूमा झस्किरहन्छु ।

उस दिन हजुरआमाले कल्पेका पवित्र मनोकामानाहरूले हौसिएको म,
आक्कलझुक्कल भेटिने कठोर सहरमा रुमल्लिएर,
वर्षैपिच्छे आफन्तको आत्मीय छत्रछायाले तानिएर गाउँ जाँदा,
सुमधुरताले अघाउन नपाउँदै थिचिएका जिम्मेवारीले फर्किरहन्थें ।

पल्लाघरे माइलो आएछ भन्दै
सिरानघरे बादेखि तल्लाघरे दाइ भाउजूसम्मलाई भेट्न पाउँदा
प्राप्त भएको असीम हर्षउल्लासलाई प्रतिस्पर्धामा लैजाँदा
मस्त शहरको कुनै क्षणले भेटाउने दौडमा,
गाउँको शीतल मायाले बाजी मारेर,
शहर पछि परेको देखेपछि गलित भएको छु ।

अन्धाधुन्ध हुँइकिने जागिरे जिन्दगी
टाइ टोपीमा सजिएर स्वार्थ घुलित जिम्मेवारीलाई
पहिचान गर्दै अगाडि बढ्दा
गरिबीले छोडेको महसुस हुनै पाएन,
त्यसैले पोकापुन्तुरा कोसेली सहित आएका बाआमालाई

रित्तो हात गाउँ पठाउन लाजै मानिनँ ।
शहरमा थकित र एक्लिएको म,
आश र सास बोकेका आफन्त र साथीभाइलाई
समीपमा राखी शहर बिर्साउन,
पेचिलो मनमा सङ्घर्षको आँधीबेहरी ल्याउनु छ,
भगवानले सुनेमा कवि माइलो
शहरिया निरासाको साङ्लो तोडेर
गाउँमै रमाएको हुनेछ
अनि देख्नेहरूले भन्ने छन्
शहरको जहर भन्दा गाउँको कहर
सयौं गुना ज्यादा मनमोहक छ,
अन्ततोगत्वा गाउँको मजा बेग्लै छ ।

**आन्तरिक लेखा परीक्षण विभाग, ने.वि.प्रा.**

कविता

# मेरा पाइला



**रीता चालिसे खनाल**

हराउँदै गएको मानवता खोज्न
निसासिएको श्वास फेर्न
शान्तिको दीप जलाउन
अन्यायको पर्खाल फोर्न
मेरा पाइला एक अनकन्टार जङ्गलमा पुग्छ
मतलबी अनुहारहरू
मलाई एक नाशले हेर्छन्
मुकुण्डोले घेरिएका
ती अनुहारमा
हराउँदै गएको मानवता खोज्न
मेरो आँखासँग आँखा जुधाउँदैनन्
सायद मैले चिन्छु भनेर होला ।

**कुलेश्वर वितरण केन्द्र**



# आत्मसम्मान

मुकुन्दप्रसाद प्रसाईं

जीवनको हर पलहरूमा,
आइरहन्छन् आरोह-अवरोहहरू
समुद्रको छालहरूमा उर्लिए झैं
तरङ्गित हुन्छ मन ।

सहानुभूतिका मल्हमले
चोटै चोटभित्र
अलिकति आरामको आभास दिलाए झैं
कता कता बेलगाम मन टक्क अडिन्छ ।

मस्तिष्कमा दौडिने
विचारहरूको म्याराथुनमा
कहिले अघि, कहिले पछि पर्दै
जिन्दगी अघि बढिरहन्छ ।

सपनाको सेतो धरहरा ठिङ्ग उभिंदा
मानसपटलमा उघ्रिन्छन्
सम्भावनाका ढोकाहरू
विश्वासको खडेरीमा
जरैदेखि उखेलिएको अस्तित्वलाई
स्वीकार्न विवश स्वप्नवृक्षहरू ।

चाहनाको लमतन्न भूगोल
मृगमरीचिकामा भौंतारिएको
असरल्ल छ तन ।

सफलता मात्रै त कहाँ मिल्छ र !
यात्रारत जिन्दगीमा ?
असफलताका चाङहरू
अवरोधका पहाडहरू
पनि त भेट्छन् यी दुई पाउ ।

रातपछिको उत्साहमयी बिहानीमा पनि
कालो बादलले ढाकिएको अम्बर बनेर
किन दिनलाई फेरि निराशामा बदल्ने कोसिस हुन्छ
कहिलेसम्म हुन्छ बेरोजगारी, बेकामी अनुहारको लाम
हाट बजारमा बिक्ने वस्तु जस्तै असरल्ल ।

पद, पैसा र प्रतिष्ठाका लागि मरिहत्ते गर्ने
कुबेरहरूलाई घमण्ड नगर्न चेतावनी दिँदै
खुला प्रश्न गर्छु–
आत्मसम्मान ठीक कि आत्मविश्वास ??

मौनता साँध्नेहरूले
दृढतामा बाँच्नेहरूले
बहुमूल्य गहना बोकेर हिँडेको देखेपछि
लज्जाबोध गर्छन् धनुष्टङ्कारहरू ।

जीवनमा गुनासो होइन
सपनाहरू देख्नुपर्छ
अनि उठ्न सकिन्छ प्रत्येक ठेसहरूमा
सुन्दर जीवनका लागि चाहिने
यही एउटा आत्मविश्वास रहेछ ।

**ने.वि.प्रा., आ.ले.प.विभाग, दरबारमार्ग, काठमाडौं**



# पहिरो म अनि त्रिशूली

योगेन्द्रनाथ पाण्डे

सुनौलो बिहानीको आशमा, आफन्तको साथमा
संगीतको धूनमा, आफ्नै सुरमा यात्रा गरिरहें
झिसमिसे बिहानी शुभ थियो तर यात्रा अशुभ थियो
पानी झमझम परिरहेको थियो
छेउमा त्रिशूली कलकल बगिरहेको थियो
सँगै म नि बगिरहें !!
जीवनको भिखको लागि मेरो रोदन अभ्यस्त थिए
मैले विश्वास गरेकाहरू विश्वासको मत लिन व्यस्त थिए ।
मेरो गुहार "जीवन" बचाउ थियो, उनीहरूको "सत्ता" बचाउ थियो
बाबाको सपना आमाको भरोसा भाइको सहारा बोकी म चिच्याउँदै मौन रहें
तिमी पनि मौन रह्यौ
खैर, आफ्नै भए दौडिन्थ्यो होला, सप्तकोशी पौडिन्थ्यो होला
पराई परे पर्खी रह्यो, पदको लोभमा अड्किरह्यो
पदको लोभमा अड्किरह्यो
आफन्तको रोदन, मनभरि सवाल बोकी
म अस्ताएँ, जीवन अस्तायो, घरको आश अस्तायो
अस्तायो परिवारको सपना अस्तायो
तर सुसायो त्रिशूली सुसाइरह्यो, न सुन्यो मेरो चीत्कार न त सुस्तायो
न सुन्यो मेरो चित्कार न त सुस्तायो ।

आयोजना विकास विभाग, सर्भे महाशाखा

# राष्ट्रसेवकका सपना



**राजकुमार भट्टराई**

हेर मेरो देश नेपाल कति सुन्दर छ
अपार प्राकृतिक स्रोत साधन हुनाले
विश्वमा कहलिएको छ मेरो देश
सर्वोच्च शिखर सगरमाथा हुनाले ।

मलाई गौरव लाग्छ
विश्वमा ब्राजिल पछिको दोस्रो ठूलो मेरो देश भनी चिनाउँदा
करिब तीन हजारभन्दा बढी नदीनाला हुनाले
यही अपार जलस्रोतको प्रवाहबाटै देशको आयस्तर बढेको छ
जलस्रोतबाट जलविद्युत उत्पादन हुनाले ।

हेर त मेरो देशको विकास गर्ने रहरमा बनेको
राष्ट्रसेवक कर्मचारी
त्यसैले म त मेरै देशको माटोमा बगाई पसिना
फलाउने छु मोतीको दाना बेसरी ।

ऊर्जा क्षेत्रको विस्तार गर्ने जिम्मेवारी बोकेको म
एक राष्ट्रसेवक कर्मचारी
त्यसैले आए जे जति चुनौतीहरू सामना गर्ने
अठोट लिई पूरा गर्छु आफ्नो जिम्मेवारी ।

देशको मुहार फेर्ने आशामा खोला नदीसँग
खेल्दै रमाउँदै विद्युत उत्पादन गर्ने भयो हाम्रो बानी
ऊर्जा क्षेत्रको विस्तार गर्ने सपनामा विद्युत उत्पादन गर्दा
कति साथीहरूले थाहा नपाई गुमाए ज्यान पनि ।
विद्युत उत्पादन, प्रसारण र वितरण गरी जनता सामु

गुणस्तरीय सेवा दिन लाग्छौं हामी दिन रात खटी
देशमा लोडसेडिङ्गको अन्त्य गरी उद्योग
कलकारखाना संचालन गर्दै विद्युत निर्यात गरी
देशको आय बढाउने सपना देख्छौं हामी ।

त्यसैले म त मेरै पौरखी हातका नङ्ग्रा खियाएर लाग्छु
देशलाई आत्मनिर्भर बनाउन
देशको विकास गर्ने म एक राष्ट्रसेवक कर्मचारी हुनाले ।

उर्लाबारी वितरण केन्द्र, ने.वि.प्रा.

कविता



# उज्यालो नेपाल–नेविप्राको बल

रामराजा ओझा

अँध्यारोभित्र उज्यालोको सपना,
थपेको छ बत्ती, घटाएको छ र त
पहिले जहाँ मैनबत्ती जल्थ्यो,
आज त्यो गाउँ पनि बिजुलीमा हर्षित छ ।

नेविप्राको हातले जोडेका छन् पोल,
सपना जोडिएको छ हरेक भोलि खोल
पहाडदेखि तराई, गाउँदेखि शहर,
ऊर्जा बोकेर पुगेको छ घर-घर ।

विद्युत उत्पादन, विस्तार र सुधार,
नेविप्राको जोशले ल्याएको छ बहार
अब त बालकले किताब पढ्छ रातमा,
किसानले मोटर चलाउँछ दिन र बातमा ।

उद्योग चम्कन्छ, घर बत्तीले टल्कन्छ,
नेपाल आत्मनिर्भर ऊर्जामा बल्कन्छ
यो उज्यालो नेपाल, हाम्रो नै पहल,
नेविप्राको संकल्प – भविष्यको बल ।

काठमाडौं ग्रिड महाशाखा

# छोड्दिन म मेरो माटो



राजु बराल

यही माटो हो, जहाँ पहिलो पाइला टेकियो
यही माटोको उपज हो, जो पहिलो पटक मुखमा पऱ्यो

किन छोड्ने म मेरो माटो ?
यो माटोले छोडेको छैन आफ्नो धर्म
कोदाका बालाहरू र मकैका घोगाहरू फल्न छोडेको छैन मेरो माटोमा
छोडेको त मैले पसिनाले बदला तिर्न पो हो
बिर्सिएको त मैले माटोको सुगन्ध पो हो
जब,
हलो छोड्यो ज्यानले, थलो छोड्यो ज्यानले
गनाउन थाले पसिनाका गन्धहरू
घिनाउन थाले माटोले छोएका हात पाउहरू
अनि भन्न थालियो, यहाँ केही पनि छैन
धर्म छाडेको मैले हो, मेरो माटोले होइन
त्यसैले छोड्दिन म मेरो माटो ।

किन छोड्ने म मेरो माटो ?
यो माटोले छोडेको छैन आफ्नो धर्म
झुल्न छोडेका छैनन्
जेठो बुढो, पहेले र जुम्ली मार्सीका बालाहरू
जहाँ मैले पसिना खन्याउँछु
मुसुरो भनौं वा बेलौती वा स्याउ
ओखर, सुपारी वा अलैंची
के पाइँदैन मेरो माटोमा ?
पसिनासँग साट्न खोज्दा
जब,
कोदालाका बिंडहरू अप्ठ्यारा लाग्न थाले
हँसियाका धारहरू भुत्ते लाग्न थाले
अनि भन्न थालियो, यहाँ केही पनि छैन
धर्म छाडेको मैले हो, मेरो माटोले होइन
त्यसैले,
छोड्दिनँ म मेरो माटो ।

पोखरा वितरण केन्द्र



# विद्युत

राजेन्द्र अधिकारी

विद्युत् माग ठूलो भयो भुवनमा प्यारो सबैको छ यो
केही अल्प भयो कि आज मनुले खप्नै नसक्ने भयो
अर्को माग हुदैन उच्च यसरी विद्युत् तिमी मात्र हौ
सारा मानवको अमूल्य धन वा विद्युत् तिमी प्राण हौ । (१)

सारा दौलत वा भला मनुज हुन् मिष्ठान्न आहार हुन्
मीठा व्यञ्जन हुन् तथापि मनुले विद्युत् सधैं माग्दछन्
झुप्रोमा दिन रातमा शहरमा उद्योगमा चाँहिने
ज्यादै शक्ति हुने अदृश्य रहने चाँडै तिमी दौडिने । (२)

विद्युत् गौरव हो बुझून् मनुजले खोला नदी व्याप्त छन्
झर्ना भन्छ विकास हुँ बुझ यिनै विद्युत् दिने स्रोत हुन्
यातायात समेत गुड्दछ यही विद्युत् भए साथमा
खेती कर्म रमाउदैछ यसमा पर्खी दिवा रातमा । (३)

पूर्वाधार विकासमा गहकिलो खम्बा बनी व्याप्त छौ
गर्मी मौसममा चिसो गरिदिने जाडो हुँदा ताप छौ
हुन्छन् देव समान ग्राहकहरू सेवा गरौं पावन
ठट्टा हैन कडा छ कर्म यसमा हे देव यो सम्झन । (४)

ज्यानै जोखिममा हुँदा पनि सधैं सेवा दिने सेवक
यस्ता सेवकमा दयालु पन होस् माया दिऊन् ग्राहक
विद्युत्को महिमा सकिन्न सहजै लेखेर अर्थ्याउन
ज्यादै होस पुर्याउदै अघि बढौं होस् धन्यको जीवन । (५)

भद्रपुर वितरण केन्द्र

# जिन्दगी



रामबहादुर लम्साल

दुई दिनको जिन्दगी हो
आज बालापन भोलि जवानी
पर्सि बुढोपन अनि खत्तम जिन्दगी
ठीक छ, खुशीले जिऊ खुशी भएर बाँच ।

हिंड्दा हिंड्दै आज एक चोटि
एक चोटि पछाडि हेर्छु
बितेको दिन हिजोलाई
'ताराबाजी लै लै' देखि मामा घोडा
सम्मको यो रमाइलो यात्रा ।

रुँदै रुँदै पहिलो पटक स्कूल
गएको त्यो दिन र
आज त्यो स्कूलका साथीहरूको
यादमा बित्ने रात
कति रमाइलो छ जिन्दगी
थोरै घाउ हुँदा पनि चिच्याई चिच्याई
रुने ती दिन अनि आज
मुटु टुक्रा टुक्रा हुँदा पनि
हाँस्न बाध्य यी दिन ।

कस्तो गजबको छ यो जिन्दगी
हजारौं पल्ट लड्दा पनि फेरि उठ्ने
साहस दिने यो जिन्दगी
थोरै अप्ठ्यारो थोरै गाह्रो अनि

सानो त्यो यात्रामा ठूलो आनन्द दिने जिन्दगी ।
कर्कलाको पानी जस्तै
लाग्छ जिन्दगी कहिले
हाँसो दुःखमा रमाउने
यो जिन्दगी
हावा जस्तै भइदिने
मनलाई मन्द मुस्कान दिंदै
खुशी दिने
सूर्यको किरणले जस्तै
ऊर्जा दिने यो जिन्दगी ।

बाबा र आमाले कक गराउँदै
सिकाइको पाठयात्रा नसकिने
कस्तो रहेछ जिन्दगी
अवसर खोज्दा खोज्दै
हराएको यो जिन्दगी
मन जित्ने कहिले हो सांसारिक
बन्धन मुक्त हुने हो यो जिन्दगी
सम्पूर्ण काम गर्दा गर्दै हाँस्न भुलेको
आशा र अभिलाषा बोकेर
यात्रामा हिंडेको यो जिन्दगी ।

आज काँधमा छ ठूला जिम्मेवारी
अनि मनमा कतै लुकेको डर
भोलि के होला भन्ने
तर पनि हार खाँदैन
सुख भोग खोजी राख्ने
अनुभवभन्दा हावा जस्तै बगिराख्ने
अटल नरहेको यो जिन्दगी
हिमाल जस्तै टलक देखिने
मानव शरीर मनमा अनैकौं चिन्ता र
पीर लिएर हिंडेको यो जिन्दगी ।

**कोहलपुर ग्रिड, कुसुम सवस्टेसन ने.वि.प्रा.**

# प्राधिकरणका चन्द्रज्योति



लक्ष्मणकुमार कार्की

हामी कर्मचारी प्राधिकरणको, प्राधिकरण हाम्रो घर ।
असल नियतले इमान्दारीका साथ कर्म गरे जीवन धान्न लाग्छ यसै संस्थाको भर ।
हिजोका दिनमा १८/२० घण्टा लोडसेडिङ्ग हुँदा अन्धकार थियो मेची-महाकाली ।
जब कुलमान सर नेतृत्व समूहको आगमनदेखि सारा जगत् नै उज्यालो भयो ज्योतिको पंख उचाली ।
धन्य ती माता-पिता जसको कोखबाट कुलमान सरले जन्म लिनुभयो ।
भाग्यवश कुलमान सर नेपालको अन्य संस्थामा आबद्ध नभई प्राधिकरणमै भित्रिनु भयो ।
वर्षौंदेखि औंसीको कालरात्रि मडारिरहेको राष्ट्रमा वहाँले कालरात्रिलाई परास्त गर्दै उज्यालो पूर्णिमालाई विजय गराउनु भयो ।
काम गर्ने शिलशिलामा कति बाधा-अड्चन, दुःख-कष्टका कुइनेटाहरू
निरन्तर पार गर्दै प्राधिकरणलाई वर्षै पिच्छे अर्बौं-अर्बको फाइदा गराउनु भयो ।

चन्द्रशमशेरद्वारा निर्माण भएको फर्पिङ जलविधुत आयोजनालाई चन्द्रज्योति नामकरण गर्दा ।
हामीले पनि सम्मानका साथ प्राधिकरणमा एक उदाउँदा चम्किला तारा स्वरूप वहाँलाई दोस्रो चन्द्र ज्योति कुलमान नामकरण गर्दा खासै फरक नपर्ला ।
धन्य रहेछौ हे ईश्वर, कुलमान सर नेतृत्व संस्थाको कर्मचारी बनी परिचय बनाउन पाएकोमा ।
हामी तपाईंप्रति सदैव आभारी छौं, प्राधिकरणको विकृति, विसंगति पूर्ण रूपमा हटाई नेपालको संस्थान मध्यकै एक अब्बल संस्थान प्राधिकरणलाई बनाएकोमा ।

गरे के हुन्न भन्ने "उक्ति"लाई अथक प्रयासका बाबजूद सार्थक तुल्याई कुलमान सरले इतिहास रचेका छन् ।
विधुतको पहुँचलाई सक्षम, भरपर्दो, सर्वसुलभ गरी नेपालको भौगोलिक विकटतामा रहेका जनतासमक्ष पुऱ्याएका छन् ।
राष्ट्र बन्न धेरै मानिस चाहिँदैन भन्ने कुराको ज्वलन्त उदाहरण हुन् कुलमान सर ।

धेरै त होइन १२/१५ जना कुलमान जस्ता व्यक्तित्वहरू राज्यका हरेक निकायको नेतृत्वमा भइदिए अनि मात्र देशले विकासको काँचुली फेर्नेमा लाग्थ्यो भर ।
नेपाली जनताको मन-मस्तिष्कमा बस्न सफल प्राधिकरण मात्र नभई देश हाँक्ने नेतृत्वमा पुग्ने भए वहाँ ।
सिंगापुर र स्वीजरल्याण्ड त होइन तर दक्षिण एसियाकै पहिलो राष्ट्रका रूपमा विकासको गति पुग्थ्यो होला, कहाँ–कहाँ ।

**ग्रिड सोलार तथा इनर्जी इफिसियन्सी आयोजना, (वि.ग्रा.से.नि.), दरवारमार्ग, काठमाडौं ।**

कविता



# मनोचिन्तन

**लक्ष्मण मण्डल**

मनको कुरा मनैमा राख्ने
भनभनाई अरुलाई नभन्ने
गुपचुप सुस्तरी बोल्ने
जीवन यसरी चल्दैन भन्ने
मनको कुरा मनैमा राख्ने....

निरस जीवनले दुःख निम्त्याउँछ
हासो खोसी नयनै रसाउँछ
कुरै कुराले मनै तर्साउने
धैर्यता सँगाली जीवनयापन गर्ने
मनको कुरा मनैमा राख्ने......

मायाको चिनो कसकसलाई दिनु
माया गर्ने नि जसलाई नै दिनु
त्यसैले एउटा जीवन साथी रोज्ने
माया भए जति उनैलाई बोझ्ने
मनको कुरा मनैमा राख्ने..........

धर्मकर्ममा विश्वास राख्नू
देवी देवतामा आस्था राख्नू
सद्बुद्धि मनले चिन्तन गर्ने
मन्त्र मुग्ध भै ध्यान गर्ने
मनको कुरा मनैमा राख्ने...

**सूचना प्रविधि विभाग, ने.वि.प्रा.**

# MCTLP - उज्यालो नेपालको संवाहक



विजयकुमार गुप्ता

प्रसारण लाइनमा धेरै छन् चुनौतीहरू,
नसोचौं है यहाँ छन् आरामदायी पलहरू
प्रहार गर्न आउँछन् दाउरा र हँसियाले,
हाँस्न र मुस्कुराउनु पर्छ यहाँ भित्री मन डराए पनि
उभिनु पर्छ अगाडि, यहाँ खान दाउराका चोटहरू
नठानौं है MCTLP मा कम छन् चुनौतीहरू
हामी पनि एक हौं, उज्यालो नेपालको संवाहक ।

कोही भन्छन् भातमारा त कोही भन्छन् धर्तीका बोझहरू,
तैपनि म मुस्कुराउँछु
उज्यालो नेपालको भविष्य सम्झँदै यहाँ खाँदै वर्तमानका चोटहरू
नठानौं है MCTLP मा कम छन् चुनौतीहरू
हामी पनि एक हौं, उज्यालो नेपालको संवाहक ।

धेरै काट्नु पर्छ यहाँ अग्ला हिमाल र पहाडहरू,
भेटिन्छन् खरखरे र म्यार्दीका भिरहरू
जम्काभेट हुन्छन् यहाँ चितुवा र भालुहरू, भित्री मन डराए पनि उभिनुपर्छ
खान नङ्ग्राका चोटहरू
नठानौं है MCTLP मा कम छन् चुनौतीहरू
हामी पनि एक हौं, उज्यालो नेपालको संवाहक

कोही जोड्छन् उत्पादन, प्रसारण त कोही जोड्छन् यहाँ वितरण
हामी जोडछौं सबै सँगै यहाँ हिमाल पहाड र तराई

पुऱ्याउँछौ थप योगदान उज्यालो नेपाल बनाउन,
उभिनु पर्छ यहाँ खाएर तानाका चोटहरू
नठानौं है MCTLP मा कम छन् चुनौतीहरू
हामी पनि एक हौं, उज्यालो नेपालको संवाहक

MCTLP- Marsyangdi Corridor 220kV Transmission Line Project

**कंक्रिट पोल प्लान्ट, टंकिसिनुवारी**

## गजल



**शारदा पराजुली**

रामराम मात्र भन्नुपर्छ, भिरमा गोरु लडेपछि
कसको के पो लाग्दो रैछ, आफ्नै मान्छे सडेपछि ।

साग सडाई गुन्द्रुक बन्छ, सोचाइ सडाई घृणा
खिल बनी पाकिदिन्छ, वचन मनमा गढेपछि ।

फेद काट्छन् टुप्पा चढी, बलियोसँग समाएर
झार्न गाह्रो पर्दो रैछ, छट्टु बुईमा चढेपछि ।

कोही यहाँ क्षणिक भ्रममा, बाँचेकै छन् रमाएर
दमकलले निभाउँदैन, बुद्धि विवेक डढेपछि ।

खुकुरी भन्दा कर्द लाग्ने, छोरो चाहिँदो भन्दा जान्ने,
मान्छे पत्रु हुँदो रैछ दुईचार अक्षर पढेपछि ।

क्षितिजमा पुग्न पाए, आकाश छुन सोच्नेहरू
माया लाग्दा अबोधहरू, मै हुँ भन्छन् बढेपछि ।

**केन्द्रीय भुक्तानी महाशाखा**

# मन



विनोद सुवेदी 'हिमचुली'

कति परिवर्तनशील र चञ्चल छ यो मन
कसैको भावनामाथि कुठाराघात गरिरहन्छ
विनाकारण कसैलाई सिध्याउन लागिरहन्छ
कसैलाई दिव्य चक्षुले हेरिरहन्छ मन
फेरि कसैमाथि बक्रदृष्टि लगाइरहन्छ
गठबन्धन गरेर कहाँ राख्न सकिन्छ र मन ।

उर्लंदो खहरे झैं बन्छ यो मन
हाँसो, रोदन, अनुभूति गर्छ यो मन
शत्रुलाई पनि दुःख नहोस् भन्छ यो मन
फेरि मित्रलाई सिध्याउन लागि पर्छ यो मन
इतिहास मेट्ने मात्र हैन, रच्ने पनि त हो मन ।

कठिन परिस्थितिको सामना गर्छ मन
गर्जो टार्ने बहानामा शहर पस्छ मन
बाध्यताका चाङ बोकेर विदेशिन्छ मन
अदृश्य प्रगतिमा खरानी हुँदैछ मन
विकल्पका निम्ति दौडिरहन्छ मन
गठबन्धन गरेर कहाँ राख्न सकिन्छ र मन ।

विमानस्थलको लर्कोमा पुगिरहन्छ मन
परपीडामा मलमपट्टी पनि त बन्छ मन
प्रत्येक शब्द शब्दले फरक पार्छ मन
निष्ठुरी मात्र हैन कोमल पनि त छ मन
जति बुझाउन खोज्यो उति अबुझ भैदिन्छ मन
पाप मात्र हैन पुन्य कमाउने पनि त हो मन ।

सत्ता मोहले भरिंदै जान्छ मन
प्रतिपक्षमा अडान लिन्छ यो मन

कहिले जुट अनि फुटमा रुमलिरहन्छ मन
जति समेट्न खोज्छु उति छरपस्टिन्छ मन
कता कहाँ पु¥याउन सकुँला र एक्लो मन
यस्तै उस्तै सोचिरहन्छ पागल यो मन
गठबन्धन गरेर कहाँ राख्न सकिन्छ र अतृप्त मन ।

**वितरण तथा ग्राहक सेवा निर्देशनालय**

कविता



# मेरो देश

**शालिकराम बराल 'भावुक'**

हिमालको काखमा छ तराईको वन
प्रकृतिको उपहार नेपालको धन
सुन फल्छ मिहिनेत गरे खेतबारी राम्रो
कसैसँग नझुकेको स्वभिमान हाम्रो ।

कति राम्रो वेशभूषा संस्कृति भा'को
जतातत्तै खोलानाला छङ्छङ् गरिरा'को
लालिगुराँस फुलेका छन् ढकमक्क वन
प्रकृतिको उपहार नेपालको धन ।

गण्डकी कोशी कर्णाली कलकल बगिरा'को
८३हजार मे.वा. ऊर्जा सञ्चित भा'को
बगेका छन् खोलानाला अझै कति कति
तराईका फाटँहरूमा फल्छन् हिरा मोती ।

खेतबारी बाँझै राखी विदेशिनु पर्दा
मन मेरो रुनेगर्छ मातृभूमि झर्दा
कालु पाँडे भक्ति थापा नेपालका वीर
विश्वको नै अग्लो हाम्रो सगरमाथा शिर

कति राम्रो वेशभूषा संस्कृति भा'को
चार जात छत्तीस वर्ण फूल फुलिरा'को
ज्ञानको ज्योति छर्दै हिँडिन् भृकुटी अनि
यही देशमा जन्मिएका गौतम बुद्ध पनि ।

भूकम्पको विपत्तिले यै देशलाई बे¥यो
पहाडमा दुःख पर्दा तराईले हे¥यो
राजनीतिमा दाजुभाइ लड्ने गर्छौं जब
यै देशलाई स्वर्ग बनाउ नरुवाउ अब ।

**चनौली वितरण केन्द्र, चितवन**

# त्यो बर्सातको दिन



शालिकराम सापकोटा

त्यो दिन
त्यो बर्सातको दिन
निगाले चोयाको डोकामा
एक खापो घाँसमाथि थपेर
काटिएको पाइन्टको जाँघे
सातमा तीन टाँक मात्र बचेको
पुरानो कमिजमा सजिएको
कलिलो युवकलाई
तिमीले कटेरोको पालीमा ओत लाग्न
बोलाएको दिन, त्यो बर्सातको दिन ।

आज मलाई याद छैन
मेरो आग्रहका अस्वीकारहरू
विचार भावनाका भेद मतभेदहरू
प्रेमका सीमा, विवाद र आवेगहरू
मैले छिचोलेका असंख्य अवरोधहरू
पर्खाइका, तिम्रो अनुपस्थितिका पलहरू
मलाई यति मात्र याद छ
त्यो दिन, त्यो बर्सातको दिन ।

समय यसरी भागेछ बुझिनँ अहिले अपसोस हुन्छ
बुझ्नेलाई पो समस्या भित्रै समाधान हुन्छ, टाढा छौ
कहिलेकाहीं त सम्झन फोन हुन्छ, म्यासेज हुन्छ

तिमी पो कहाँबाट कहाँ पुगिसक्यौ
मलाई जहाँको त्यहीँ रहन पनि तिम्रो जरुरत हुन्छ
तिम्रो याद आउन उकाली ओराली
वनपाखा देउराली खोलानाला खरबारी
सल्लाघारी सिँढी चौतारी
कोहीसँग भेट हुनु पर्दैन
मेरो मानसपटलमा हरपल घुमिरहन्छन्
तिम्रा यादहरू अनि शुरुवातको दिन
त्यो दिन, त्यो बर्सातको दिन ।

अहिले तिमी सात समुद्र पारि शहरमा
म गाउँमा अधुरा सपना र मिलनको रहरमा
समयले ल्याउने प्रेमको विचलनलाई रोक्दै
हिमाल र छहरा जस्तै पवित्र, प्रेमको माला बोकेर
मेरो नजर वर्षौंदेखि त्यही छेडाको चौतारीमा छ
आउ न तिमी एक अँगालो माया बोकेर
छरिदेऊ मेरो अँध्यारो जीवनमा रोशनी
मिलनले बिर्साइदेऊ त्यो दिन, त्यो बर्सातको दिन ।

**भरतपुर वितरण केन्द्र, ने.वि.प्रा.**



# एक्लै बसेको भूतपूर्व श्रमिक



शब्दसेना

बाटो बनाउँदा बनाउँदै
झर्छन् भीरबाट ढुङ्गो झरे झैं
र बन्छन् गिटी जस्तै टुक्रा टुक्रा
विश्वभरि छरिएका हाम्रा
वीर नेपाली श्रमिकहरू ।

बत्ती मर्मत गरेर उज्यालो छर्दाछर्दै
झर्छन् खम्बाबाट चरा झरे झैं
र बन्छन् सुकेको पात जस्तै
बस्ती बस्तीमा बल्दै पुगेका ती
पसिनाका अजस्र मुहानहरू ।

डालेघाँस खसाल्दाखसाल्दै
कुटमेरो र खस्रेतोका बोटहरूबाट
स्याउला र खुर्पासँगै झर्छन्
दूध र मासुका उत्पादक ती
देशका हजारौं किसानहरू ।

भकारो सोरेर, त्यही भकारो बोक्दै
गामबेशीका ती गरा र पाटाहरूमा
पोटिला दाना फलाउन उद्यत
पहाड र मधेशका मान्छेहरू ।

तिनै श्रमिकलाई नमस्कार गरेर
मतजनित अधिकार हत्याएपछि
खेतमा फर्कंदैनन् महामहिमहरू
गल र गैंती बिर्सन्छन् श्रमजीविहरू
पोल चढ्दैनन् उज्यालोका संवाहकहरू
हलो र ट्र्याक्टर चिन्दैनन् माटोका मीतहरू।

उपदेशको मुसलधारे वर्षा गर्छन्
मानौं दुनियामा अरु केही जान्दैनन्
दोष अरुको मात्र देखिरहन्छन्
एकोहोरो सरापिरहन्छन्
आफ्नै जस्तो अनुहार भएको अर्कोलाई ।

जगत्मा के सारो परिवर्तन आएछ
घरी देशलाई आधुनिक खैरो सूचीमा हेर्छ
घरी आफ्नै हत्केलामा उठेर फुटेका ती
ठेलाका नीला नदीहरू सम्झन्छन् ।

टोलाएर एकैछिन् समय नियाल्दा
भित्रभित्रै अनौठो मुस्कान मुस्कुराउँछ
टाढाको कुनै चौतारामा इतिहास बोकेर
एक्लै बसेको एउटा भूतपूर्व श्रमिक ।

**निवर्तमान अध्यक्ष, विद्युतकर्मी साहित्यिक समाज**



# माली



**सुभास अधिकारी**

माटोमा पसिना सिँची हरघडी, मोती फलाउँछु म,
भीर्, पाखा, पहरा, लता र लहरा, सारा सजाउँछु म
ठेला हातभरी परून् तर पनि बस्दिन थाकी अब,
मेरो प्रण छ यो, म पौरख गरी, पाखो सिँगार्छु सब ।१।

श्रद्धाको बीज रोप्छु, गोड्छु म सदा यै मृत्तिकामा बसी
उम्रेलान् भररर्र आँकुरीहरू अस्तित्त्वका ति सखी
राख्छु खाद म प्रेमको र ममता, सिँच्छु जरामा सदा,
मातृत्व रसले नुहाउँछु अनि वात्सल्यले सर्वदा ।२।

जाती, धर्म र वर्गका यी विरूवा, लागे सरी ऐजेरु,
मात्रै मानव हितका बीजहरू हुर्कुन् फुलुन् ति अरू
फैलाउनु छ यो समस्त नभमा बन्धुत्वको बासना,
सारा विश्व बनोस वाग सरी झैं, राखेर सद्भावना ।३।

केही पुष्प फुलुन् बनेर ओखती मुटु दुखेका पल,
केही फुल फुलुन् हँसाई जगतै हेरेर माथि तल
केही अत्तर झैं बनी सगरमा, जाउन् सुगन्धै छरी,
यो सारा जगतै प्रफुल्लित बनोस्, श्रद्धाले गद्गद् गरी ।४।

यो उद्यान मेरो समस्त जगको, फुल् हुन् सबै मानव,
भिन्दै रङ्ग र वर्गका कुसुम छन्, फक्रुन् फुलुन् ति सब
बेग्लै जात र पातको तर पनि, उस्तै रहोस् शिष्टता,
फुल्नु पर्छ छरी सुवास जगमा, स्वधर्म उत्कृष्टता ।५ ।

सुवासमा हो पहिचान खोज्ने,
रूप, जाती, रङ्ग अनि मात्र रोज्ने ।
फुलुन् जहाँ ! वाग वा काननैमा,
फैलोस् सुगन्ध नव भावनामा ।

मर्स्याङ्दी कोरिडोर २२० के.भी. प्रसारण लाइन आयोजना



# उज्यालो यात्रा

ई. सुजन आचार्य

हिमालको फेदी
पहाडका कुना कन्दरा
जन्मिएको ठाउँ
स्वर्गको एक टुक्रा
जहाँ
हर दिन घाम फल्छ
सताउँछ रातमा फलेको घामले
गिज्याउँछ दिपाको छहराले
छालसँग डुबुल्किँदै
मन बग्न खोज्छ
जुनेली रातमा फलेको छाया
मेरो आँखामा किन बिजाउँछ
अग्लो लामो खम्बाको टुप्पोमा
गोलाकार वस्तु किन झुन्डिन्छ
उज्यालो दौडिन्छ भनेर सिकाएको
बत्तीले आफ्नो बाटो कसरी खन्छ
हेरेको थिएँ
जूनकिरीलाई छोपेर
बत्ती जन्मिएको ठाउँ
तर यो शहरमा
हजारौं जूनकिरीहरू
किन नाच्छन्
बाटो कहाँ छ ?
यी कुण्ठाहरू
कुन बजारमा छन्
किन्न कहाँ पाइन्छ ?
जवाफ खोज्ने रहरमा
बितेका अनिदा रातहरू
रुमल्लिएका पाइलाहरू
अकस्मात् बाँधिए
देख्दै छु म आज
बिजुली जन्मिएको ठाउँ
बनाउँदै छु म आज
बिजुली हिंड्ने बाटोहरू
शहर उज्यालो बन्छ
तब मेरो रिमोट चल्छ
खुशीहरू जन्मिन्छन्
जब बिजुली बोक्ने
सेतो कागज थमाउँछु
थाहा छैन
गन्तव्य कहाँ छ
मूल्य कति छ
गुज्रिरहेको छ समय
एउटा नवीन प्रविधिको खोजीमा
विलीन हुनु छ एउटा यात्रामा
जहाँ उज्यालोको सूत्रपात हुन्छ ।

अमुवा वितरण केन्द्र, ने.वि.प्रा.

# कालान्तर



सुभास पन्त

पालेर मनभित्र अनेकौं कुण्ठाहरू
आत्मरतिमा रमाउने हामी
उधारो सत्यमा हाँसिरहेछौं
मनको लड्डू घिउसँग खाए जस्तो ।

जब कुनै दिन फुट्ने छ घडा
साधुको सपना झैं
च्यातिनेछ भ्रमको पर्दा
दिग्भ्रमित हामी त्यसबेला
थोपरेर दोषको भारी अरूलाई
पानीमाथिको ओभानो बन्न खोज्ने छौं ।

छद्मभेषीहरू गुप्तबासमा
सलबलाउने छन् फेरि
प्रकट हुने छन् थरीथरी अवतारमा
त्यो अवतारले बगलमा लुकाएको छुरा
अनुहारमा लगाएको मुकुन्डो
देखिने छैन सहजै
र
हामीले
गर्नेछौं तिनको भव्य स्वागत ।

आफूले आफैंलाई नचिने पछि
आफ्नो अस्तित्व बिर्सिएपछि
हामीले सपना देख्ने छैनौं
सपना देखाइने छ
आफैं बोल्ने छैनौं, बोलाइने छ ।

वशीभूत हाम्रो शरीर
विवेकशून्य अन्तस्करण
छमछमी नाच्ने छ गीतमा
बाजाको तालमा
जसरी बजाइनेछ त्यसै गरी
जसरी नचाइनेछ, त्यसै गरी ।
बिस्तारै देखिएला अर्कै रूप
बाघको छालामा स्यालको रजाइँ
माग्नेहरू मालिक, दिनेहरू दास
सियो बनेर पसेकाहरू भगवान्
आश्रय दिनेहरू सेवक ।

पासोमा बाँधिएको अबोध पशु
जालमा फसाइएको पन्छी
गोहीको मुखमा परेको कुनै प्राणी
जति याचना गरे पनि
बाँच्ने उपाय नदेखेपछि
मृत्युको मुखमा पुग्दै गर्दा
गल्ती सम्झेर पो के गर्नु
सच्याउने कुनै समय नरहेपछि ।

एक दिन सायद हामी पनि
आत्मालोचना गर्न समेत नपाउँला
बिरालाको मुखको मुसा झैं
चिं चिं गरेर चिच्याउँला
त्यो हाम्रो याचना सुन्ने
हुने छैनन् कोही त्यतिबेला ।

समयमा नै घैंटोमा घाम नलाग्दा
दुष्परिणाम निस्कने नै भयो
बुद्धि फिर्ने बेलासम्म
अर्कैको भइसक्नेछौं हामी
निश्चित छ कालान्तरमा
न रहने छौं हामी
न रहने छ ने.वि.प्रा.
न त यही परिवेश नै ।

अपर तामाकोशी हाइड्रोपावर

# आख्यान मृत्युशैय्याबाट



सुमन श्रेष्ठ

मेरो मृत्युको खबरले
कोही स्तब्ध होलान्
कसैले कठै भन्नेछ
म निस्फिक्री चितामा जलिरहने छु ।
चितामा मेरो शरीर जलिरहँदा
उनको मन पोलिरहने छ
मेरो नाम लिएर रुँदै रुँदै बोलाइ रहँदा
मैले हजुर भनी जवाफ दिने छैन ।
समय चलिरहने छ, अडिने छैन
खोला बगि नै रहनेछ, थामिने छैन
हावा बहिरहने छ, रोकिने छैन
बस्, मेरो श्वास रहने छैन
मेरो वाणी रहने छैन ।

उनको थकान रहनेछ, निन्द्रा रहनेछ
आधा रातमा उनी ब्युँझिदा
ओछ्यानमा मेरो साथ रहने छैन ।
चोट लागेर ऐय्या बाबा भन्दा
के भो छोरा भन्न म रहने छैन ।
मेरो आभास रहनेछ, मेरो अस्तित्व रहने छैन
मेरो सम्झना रहनेछ, मेरो आकृति रहने छैन
उनको सिउँदोमा म रंगिने छैन ।
दिनपछि रात अनि रातपछि दिन आउने छ
मौसम बदलिएर नाङ्गझार रुख पनि
फेरि हरियो हुनेछ
मेरो फोटोमा झुन्डिएको माला
मात्र ओइलाउने छ ।
समय चलिरहने छ, अडिने छैन
खोला बगि नै रहने छ, थामिने छैन
हावा बहिरहने छ, रोकिने छैन
बस्, मेरो श्वास रहने छैन
मेरो शरीर रहने छैन ।

काठमाडौं उपत्यका प्रणाली
सुदृढीकरण आयोजना



# छाडेर चिन्ता लिन

**नारायणप्रसाद आचार्य**

चिन्ता साधन हो चिताकन विशे, पुग्ने र जल्ने पनि
जानेनौं यति यो गऱ्यौं दिनदिनै, गर्नै नहुने भनी
आगो देह जलाउने मन भने, चिन्ता छ त्यो साधन
आऊ चिन्तनका कुराहरू गरौं, छाडेर चिन्ता लिन ॥१॥

देख्दामा पुतली छ सुन्दर अति, लोभिन्छ हाम्रो मन
पैले भ्रूसिल थ्यो बने ति पुतली, गर्दा असल् चिन्तन
राम्रा चिन्तनले बनिन्छ पुतली, गरौं न त्यस्तै जन
आऊ चिन्तनका कुराहरू गरौं, छाडेर चिन्ता लिन ॥२॥

खोलामा जसरी बहन्छ जलको, प्रवाह त्यसै गरी
बग्दै जान सके हुनेछ सजिलो, यो देहको मन्जरी
चिन्ने कोशिस भो भने समयको, त्यो बेगलाई जन
आऊ चिन्तनका कुराहरू गरौं छाडेर चिन्ता लिन ॥३॥

खोज्दै हिंड्दछ कस्तुरीहरू उता, वीना कता हो भनी
आफ्नै देह विशे छ देख्न नसकी, भौंतारि हिंड्दा पनि
खोज्ने कोशिस जारि राखन तिमी, भेटिन्छ आफैं कन
आऊ चिन्तनका कुराहरू गरौं, छाडेर चिन्ता लिन ॥४॥

पंक्षी भित्र छ आत्ममा अमर भै, त्यो बास गर्दैछ त्यो
चिन्दैनौं सहजै रमाई रहने, छ पिंजडामा छ त्यो
